म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १३४ मंगलबार, १५ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 30 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पूर्वविद्यार्थीले सुवेदीले गरे ५० हजार सहयोग

हेटौंडा, १४ पुस/हेटौंडा उपमहानगरपालिका-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको स्वर्ण जयन्तीको लागि पूर्वविद्यार्थी विनोद सुवेदीले आर्थिक सहयोग गरेका छन् ।

स्वर्ण जयन्ती मुलसमारोह समितिका संयोजक एवम् २ नं. वडाअध्यक्ष विष्णुगोपाल महर्जनलाई पूर्वविद्यार्थी सुवेदीले ५० हजार ५ सय ५५ रुपैंयाको चेक हस्तान्तरण गरेका हुन् । सुवेदी प्याब्सन मकवानपुरका अध्यक्ष र बालजागृति इङ्लिस बोर्डिङ स्कुलका संस्थापक प्रिन्सिपल तथा सञ्चालक समेत हुन् । सिद्धार्थ माविले आगामी माघ २ गतेदेखि ८ गतेसम्ममा विविध कार्यक्रमको आयोजना गरी स्वर्ण जयन्ती मनाउने भएको छ ।

स्वर्ण जयन्तीको तयारीको क्रममा विद्यालयले पूर्वविद्यार्थी, शिक्षक र कर्मचारीसँग छलफल गरेको छ । छलफलमा स्वर्ण जयन्ती समारोहमा विद्यालयसँग विगत र वर्तमानमा जोडिएका सबै पक्षलाई समेट्दै अपनत्व महशुस गर्ने गरी मनाउन र विद्यालयको भावी दीर्घकालीन योजनाको खाका बनाउन सहभागीले सुझाव दिएका थिए ।

राष्ट्रिय जनसंख्या नीति २०८२ हेटौंडामा सार्वजनिक

# असन्तुलित विकासले बसाईसराईको दर तीव्रः मन्त्री थापा

साझाकुरा संवाददाता




हेटौंडा, १४ पुस/ बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले प्रदेश जनसंख्या नीति सार्वजनिक गर्ने बताएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयोजनामा सोमबार हेटौंडामा भएको राष्ट्रिय जनसंख्या नीति २०८२ को सार्वजनिकीकरण एवम् अभिमुखीकरण कार्यक्रममा मन्त्री थापाले केही समयभित्रै प्रदेशको पनि जनसंख्या नीति सार्वजनिक गर्ने जानकारी दिए । नीतिको ड्राफ्ट कानुन मन्त्रालयमा पुगिसकेको र संघीय सरकारको नीतिसँग नबाझिने गरी प्रदेशको नीति आउने उनले बताए । मन्त्री थापाले विकासमा भएको असन्तुलनले बसाईसराईको दर तीव्रगतिले बढेको उल्लेख गरे । शिक्षा, स्वास्थ्य, रोजगार जस्ता क्षेत्रमा भएको असन्तुलित विकासले प्रदेशको कतिपय जिल्ला रित्तिदै गएको र कतिपय जिल्लाको जनघनत्व बढ्दै गएको उनको भनाई छ ।

मन्त्री थापाले बसाईसराईको तीव्रबृद्धिदरलाई रोक्न तीनवटै तहको सरकारले सबै क्षेत्रमा सन्तुलित बजेट विनियोजन गर्नुपर्नेमा जोड दिए । संघीयता लागु भएको ८ वर्षको अवधिमा सरकारले शिक्षा, स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेपनि युवाको पलायनलाई रोक्न नसकेको उनले बताएका छन् । कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले जनसंख्याको सन्तुलन नमिल्दा सामाजिक संरचनामा पनि असर पर्ने बताइन् । नेपालको जनसंख्याको वर्तमान अवस्था सन्तोषजनक नरहेको उनको भनाई छ । प्रजननदर प्रतिष्थापन तह भन्दा तलहुनु चिन्ताको विषय भएको उनले उल्लेख गरिन् ।

नगरप्रमुख लामाले जनसंख्याको विषयमा गम्भीर भएर बहस गर्नुपर्नेमा जोड दिइन् । तेस्रो सन्तान जन्मलाई प्रोत्साहन नीति उपमहानगरले ल्याउँदा धेरै हाँसोको विषय बनाइएको पनि उनले उल्लेख गरिन् । नगरप्रमुख लामाले कार्यविधि बनाएर यो नीतिलाई कार्यान्वयनको चरणमा लैजाने बताइन् । प्रदेशको स्वास्थ्य मन्त्रालयको सहकार्यमा भएको कार्यक्रममा जनसंख्या व्यवस्थापन महाशाखाका उपसचिव झविन्द्रप्रसाद पाण्डेयले नेपालको जनसंख्यासम्बन्धी अवस्था र मन्त्रालयका सहसचिव हेमराज सुवेदीले राष्ट्रिय जनसंख्या नीति २०८२ को कार्यपत्र प्रस्तुत गरेका थिए ।

राष्ट्रिय जनसंख्या नीति २०७८ अनुसार बागमती प्रदेशमा बसाईसरी आउने ५३ दशमलव ७ र बसाई सरी जाने १० दशमलव ७ प्रतिशत रहेको छ । त्यसैगरी देशभर मातृमृत्यु अनुपात प्रति १ लाख जीवित जन्ममा १५१ रहेकोमा बागमती प्रदेशमा ९८ रहेको छ भने कोशीमा १५७, मधेशमा १४०, गण्डकीमा १६१, लुम्बिनीमा २०७, कर्णालीमा १ सय ७२ र सुदुर पश्चिममा १ सय ३० रहेको छ । हिमालीक्षेत्र समेत ३४ जिल्ला र ३ सय १९ स्थानीय तहमा जनसंख्या वृद्धिदर ऋणात्मक रहेको छ । जनसंख्या वृद्धिदर ० दशमलव ९२ प्रतिशत रहेको छ । २०६८ मा १ दशमलव ३५ प्रतिशत रहेको थियो ।

त्यस्तै प्रजननदर प्रतिष्ठापन तह भन्दा तल रहेको छ । प्रजननदर प्रतिष्ठापन तह भन्दा २ दशमलब १ हुनुपर्नेमा १ दशमलब ९३ रहेको छ । ज्येष्ठनागरिकको जनसंख्या १० दशमलब २१ प्रतिशत रहेको छ भने १५-५९ वर्ष उमेर समूहको जनसंख्या ६१ दशमलब ९ प्रतिशत रहेको छ । जन्मका क्रममा लैङ्गिक अनुपात प्रत्येक सय बालिकाको जन्ममा ११४ बालकको जन्म रहेको छ । नयाँ नीतिमा सीपयुक्त र उत्पादनशील जनशक्तिको विकास, स्वस्थ र क्रियाशील जनशक्ति निर्माण, बसाइसराइको व्यवस्थापन र प्रजनन स्वास्थ्य अधिकारको संरक्षणजस्ता विषयमा केन्द्रित रणनीति अघि सारेको छ ।

शिक्षा प्रणालीलाई रोजगार मूलक बनाउने, युवालक्षित स्टार्टअप र व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने, र ज्येष्ठनागरिकको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण गर्ने, वैदेशिक रोजगारीबाट फर्किएकाको ज्ञान र पुँजीलाई उत्पादनमूलक क्षेत्रमा लगाउने, आन्तरिक बसाइसराइलाई व्यवस्थित गर्न एकीकृत बस्ती विकास गर्ने र जलवायु परिवर्तनका कारण हुने बसाइसराइलाई न्यूनीकरण गर्ने, सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गर्ने, प्रजनन स्वास्थ्य अधिकारको संरक्षण गर्ने र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलगायत सीमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्ने, व्यक्तिगत घटना दर्ता, राष्ट्रिय परिचयपत्र र अन्य तथ्यांक प्रणालीलाई एकीकृत र स्वचालित बनाई नीति निर्माणमा प्रयोग गर्ने उल्लेख गरिएको छ ।

जनसंख्याको विषयप्रति तीनवटै तहका सरकारको जिम्मेवारी र जवाफदेहित सुनिश्चित्त गर्न नयाँ नीतिगत व्यवस्था गर्नुपर्ने विषयमा नीतिमा समेटिएको छ । नेपालले सन् २०२६ मा अल्पविकसित मुलुकबाट मध्यम आययुक्त मुलुकको रुपमा स्तरोन्नति गर्ने लिएको लक्ष्यबाट सिर्जना हुने अवसर र चुनौतीको सम्बोधन गर्न पनि नयाँ नीति निर्माण गर्नुपर्नेमा जोड दिइएको छ । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव सुमित्रा काफ्लेलगायत सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

# तयारी पूरा भएका आयोजनाको बजेट फुकुवा



साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ सरकारले रोकिएका तीन करोड भन्दा कम कार्यक्रमका योजनाको कतिपय बजेट फुकुवा गरेको छ । चालु आर्थिक वर्षको गत असोजमा ३ करोड भन्दा कम बजेटका एकहजार भन्दा बढी आयोजना स्थगन गरेको थियो ।

तर, केहीदिनयता भने त्यस्ता आयोजनामा राखिएको बजेट फुकुवा गर्न थालिएको हो । अर्थ मन्त्रालयकाअनुसार अहिले स्थगन गरिएकामध्ये कतिपय आयोजना प्रोजेक्ट बैंकमा प्रविष्ट रहेको र तिनमा सरकारले लगानी गरिसकेकाले रोक्का बजेट फुकुवा गर्न थालिएको अर्थमन्त्रालयका अधिकारीले बताएका छन् । अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेले तीन सर्त पूरा गरेका कतिपय आयोजनाको स्थगन गरिएको बजेट फिर्ता गरिएको बताए । गत असोजमा गरिएको परिपत्रबाट १२ सय आयोजना स्थगित गरिएपनि कतिपय आयोजनाको तयारी पुगेको देखिएकाले त्यस्ता आयोजनाको बजेट फुकुवा गरिएको उनको भनाइ छ ।

पाण्डेकाअनुसार तयारी पुगेका र प्रोजेक्ट बैंकमा प्रविष्ट गरिएका आयोजनाको बजेट फुकुवा गरिएको छ । 'नयाँ सरकार बनेपछि असोज ६ गतेको निर्णयअनुसार केही आयोजना स्थगन गरिएको थियो । पूर्वतयारी नभएका, टुक्रे आयोजना जसले प्रतिफल दिन नसक्ने खालका आयोजनामा विनियोज भएको पहिचान गरेर अर्थ मन्त्रालयले कतिपय आयोजना रोकेको थियो । त्यो आयोजनाबाट केही रकम वचत हुन्छ, र चुनाव, पुनःनिर्माणमा खर्च गर्ने योजना हो । कार्यान्वयनचरणमा गइसकेका आयोजनाको बजेट स्थगन हुँदा नकारात्मक प्रभाव पार्ने हिसावले विश्लेषण गरेर कार्यान्वयन गर्ने निकाय मन्त्रालयको सिफारिसमा केही आयोजना मन्त्रालयले स्थगन फुकुवा गरेको छ' उनले भने ।

देहोरो नपरेका आयोजनालाई अघि बढ्ने स्वीकृति अर्थमन्त्रालयले दिइसकेको छ । सडक, पुल, खानेपानी, कृषि सम्बन्धित कतिपय रोकिएका आयोजनाको बजेट फुक्का गरिएको अर्थ मन्त्रालयको भनाइ छ । भौतिक मन्त्रालयअन्तर्गत १० अर्ब तथा खानेपानीका २ अर्ब बराबरका आयोजना फुकुवा भइसकेका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव रामहरि पोखरेलले बताए । यस्तै सहरी विकास मन्त्रालयको ६२ अर्ब रुपैयाँका आयोजना रोक्का रहेकोमा क्रमशः फुकुवा हुँदैछन् ।

सरकारले ठूलो संख्यामा कार्यक्रम रोक्दा र ठेक्का तोड्दा बजेट कार्यान्वयन प्रभावित हुँदै आएको निर्माण व्यवसायी बताउँछन् । निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले बजेटखर्च कमजोर हुनुको कारक सरकार नै रहेको बताए । उनकाअनुसार आधा आर्थिक वर्ष बित्दा समेत बहुवर्षीय ठेक्का आह्वान नहुँदा निर्माणक्षेत्र सुस्त रहेको र यसैमा निर्भर रहेका अन्य उद्योग पनि प्रभावित भएको छ । अध्यक्ष सिंहले सरकारले पछिल्लो समय ठेक्का तोड्दा पनि समस्या भइरहेको बताए ।

'निर्माणको गति अघि नबढ्नुको प्रमुख कारण ठेक्का तोड्नु एउटा कारण हो । सरकारले ठेक्का किन नतोड्ने भनेर सूचना जारी गरेपछि त्यो काम अघि बढाउन कार्यालय, निर्माण कम्पनी पनि तयार हुँदैन । निर्माणकम्पनीले जवाफ दिएर सम्बन्धित निर्माण कम्पनीलाई सरकारले काम गर भन्दैन तबसम्म अघि बढ्दैन । रुग्ण ठेक्का जुन सञ्चालनमा थिए । निर्माणको गति अघि बढाउने बेला थियो । यस्तोबेलामा सरकारले ठेक्का अन्त्य गर्ने म्यासेज दिँदा राम्रो सन्देश गएन र काम हुन सकेन' सिंहले बताए । उनकाअनुसार अर्थको परिपत्रका आधारमा रोकिएका आयोजनाको बजेट फुकुवा हुनु स्वागतयोग्य हो । अब प्रभावकारी रुपमा अघि बढाउन सरकारले ध्यान दिनुपर्छ ।

सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.को

## १५ औं वार्षिक साधारणसभा तथा चौथो अधिवेशन सम्बन्धी सूचना

मिति २०८२/०८/१४ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाका १५ औं वार्षिक साधारणा सभा तथा चौथो अधिवेशन निम्न विषयहरुमा टलफल गरी निर्णय तथा पारित गर्न तपशिल अनुसारको निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त सभामा यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

**छलफलका विषयहरु :**

१. साधारण सभाको वैधानीकता सम्बन्धमा ।
२. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. ०८१/८२ को लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४. आर्थिक प्रतिवेदन तथा चालु आ.व. २०९२/८३ को वार्षिक अनुमानित बजेट सम्बन्धमा ।
५. लेखा समिति तथा ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा
६. आ.व. ०८२/८३ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा
७. संस्था एकीकरण सम्बन्धमा ।
८. विनियम संसोधन सम्बन्धमा ।
९. निति तथा कार्यविधि संसोधन तथा अनुमोदन सम्बन्धमा ।
१०. शेयर लाभांश र संरक्षित पूंजी फिर्ता कोष सम्बन्धमा ।
११. निष्कृय शेयर सदस्य सम्बन्धमा ।
१२. पन्ध्रौं वार्षिक साधारण सभाको माइन्युट प्रमाणित गर्नकालागि सदस्यहरुको छनौट सम्बन्धमा ।
१३. चौथो अधिवेशन सम्बन्धमा ।
१४. विविध ।

**तपशिलः**
मिति : २०८२ पुष १९ गते शनिबार
स्थान : गोरक्षेश्वर धाम, राप्ती तट, हेटौंडा-१०
समय : विहान १०:३० बजे देखि

सचिव
आशा ढकाल
सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-१०, राप्तीरोड




CG motocorp
Authorized Service Point in Hetauda
Himalayan Motors Pvt.Ltd.
हेटौंडा-२, चौकीटोल, ०५७-५२०३३३, ९८२४२९०९६४, ९८०२५६८९७०

# अनुदानको मल वितरणमा डिजिटल प्रणाली



साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अनुदानको रासायनिक मल वितरण प्रक्रिया थप व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाउन 'अनुदानको मल वितरण सूचना प्रणाली' सञ्चालनमा ल्याएको छ ।

मन्त्रालयले मल खरिद तथा बिक्रीवितरण कार्यमा हुने अनियमितता रोक्न र किसानको पहुँच सहज बनाउन यो डिजिटल प्रणाली कार्यान्वयनमा ल्याइएको जानकारी दिएको छ । यो प्रणाली मार्फत अब मल आयात, वर्तमान मौज्दात (स्टक) र बिक्रीवितरणको अद्यावधिक विवरण जुनसुकै समयमा हेर्न सकिने व्यवस्था गरिएको छ । विशेषगरी बजारमा मल वितरण गर्दा विक्रेताले गर्ने पक्षपात, तोकिएको भन्दा बढी मूल्य लिने र अनधिकृत व्यक्ति वा संस्थालाई मल बेच्नेजस्ता गुनासा सम्बोधन गर्न यो प्रणाली प्रभावकारी हुने मन्त्रालयको विश्वास छ ।

यस प्रणालीको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको कुनैपनि सहकारी वा फर्मले पाएको कोटाको मल कुनकुन किसानलाई कति परिमाणमा बिक्री गरियो भन्ने विस्तृत विवरण अब सर्वसाधारणले प्रत्यक्ष हेर्न पाउनेछन् । वेबसाइटको 'हाम्रो सेवाहरु' भित्र रहेको 'अनुदानको मल वितरण सूचना प्रणाली' मा क्लिक गरी स्थानीय तह छनोट गरेपछि त्यसक्षेत्रको मलको स्टक र बिक्री विवरण खुल्ने छ । मन्त्रालयका सूचनाअधिकारी महानन्द जोशीका अनुसार मल विक्रेता सहकारी र फर्मले मलको स्टक र बिक्रीसम्बन्धी विवरण अनिवार्य र नियमित यस प्रणालीमा प्रविष्ट गर्नुपर्ने छ ।

विक्रेताले विवरण प्रविष्ट गरेपछि मात्र प्रणालीमा देखिने भएकाले यस कार्यमा जिम्मेवार हुन मन्त्रालयले सचेत गराएको छ । मन्त्रालयले किसानलाई पनि डिजिटल सुविधाको भरपुर उपयोग गर्न र मल वितरणकार्य पारदर्शी बनाउने सरकारको प्रयासमा सहयोग गर्न आह्वान गरेको छ । यो व्यवस्थाले मल वितरणमा हुने कालोबजारी र पहुँचवालाको दबदबा अन्त्य भई वास्तविक किसानले समयमै मल पाउने अपेक्षा गरिएको छ ।

साझाकुरा

## हाम्रो कुरा

# सडकपीडित घरधनीको सकारात्मक माग

हेटौंडा बजारक्षेत्रमा डिभिजन सडक कार्यालयले डोजर लगाएपछि प्रभावित भएका घरधनी र व्यवसायीलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउन माग गरिएको छ । मकवानपुर उद्योग वाणिज्य संघले नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलसँग भेटवार्तासहित बैंक ब्याजमा सहुलियत र कर्जाको पुनर्तालिकीकरण गर्न माग गरेको हो । संघले सडक डिभिजनले घरलगायतका संरचना भत्काउँदा सयौँ घरधनी र व्यवसायी प्रभावित भएको भन्दै वास्तविक प्रभावितलाई बैंक ब्याजमा दुई वर्षसम्मका लागि विशेष सहुलियत र कर्जाको पुनर्तालिकीकरण गरिदिन भनेको छ । उद्योग वाणिज्य संघका वरिष्ठउपाध्यक्ष दीपक उप्रेतीले घरधनी र व्यवसायीलाई राहत र सहुलियतको योजना ल्याउन आफूहरुले गरेको मागप्रति राष्ट्र बैंकका गभर्नर डा. पौडेल सकारात्मक रहेको जानकारी दिए । उप्रेतीले ऋणको बोझसहित अनेकौं अप्ठ्यारो झेल्दै व्यवसाय गरी बसेकाको घर भत्काइएपछि व्यवसायविहीन हुन पुगेको बताए । ब्यवसायी थप संकटमा धकेलिएको अवस्था रहेको भन्दै प्रभावितको उचित व्यवस्थापन गर्नु राज्यको कर्तव्य पनि हो । उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटको नेतृत्वमा राष्ट्र बैंक पुगेको टोलीले घरटहरालगायतका संरचनामा सडक डिभिजनले डोजर लगाएपछि प्रभावितलाई हेटौंडा उपमहानगरपालिका कार्यालयले सहुलियत दिन निर्णय गरेको थियो ।

सहुलियतका लागि सरोकारवाला निकायलाई सिफारिस गर्ने निर्णयसहित प्रभावित व्यवसायीको प्रारम्भिक सूचीसमेत गभर्नर पौडेललाई बुझाएका छन् । गभर्नर पौडेलसँगको भेटमा सडक विस्तारका कारण उद्योग व्यवसाय, घरधनी तथा स्थानीय व्यवसायीमा परेको प्रभाव, आर्थिक स्थायित्व र दीर्घकालीन समाधानका विषयमा गम्भीर छलफल भएको बताइएको छ । सरोकारवाला निकायबीच समन्वय, व्यवहारिक नीति र जनमैत्री निर्णय आवश्यक रहेकोमा आफूहरुले भेटमा जोड दिएको उनीहरुले जानकारी दिए । सडक डिभिजन कार्यालय हेटौंडाले गत मङ्सिर ५ गते १५ दिने सूचना प्रकाशित गरी हेटौंडाको रातोमाटेदेखि सामरीपुल र बुद्धचोक हुँदै राप्तीपुलसम्म करिब नौ किमी सडकखण्डको दायाँबायाँ २५/२५ गजभित्र सडकको क्षेत्रमा रहेका घर भत्काउन सूचना प्रकाशित गरेको थियो । मंसिर २० गते रातोमाटेदेखि बुद्धचोक हुँदै राप्तीपुल (महेन्द्र राजमार्ग) र बुद्धचोकदेखि चौकीटोल (त्रिभुवन राजपथ)सम्मको ९.५ किलोमिटरमध्ये करिब सात किलोमिटर क्षेत्रमा सडक सीमाभित्र परेका पाँच सयभन्दा बढी घरटहरा डिभिजन सडक कार्यालयले जेसिबी प्रयोग गरी भत्काएको थियो । हेटौंडा बजारक्षेत्रको २५ गज सडक विस्तारविरुद्ध सर्वोच्च अदालतमा दायर रिट निवेदन आइतबार पनि 'हेर्न नभ्याइने' सूचीमा परेको छ । न्यायाधीशद्वय कुमार रेग्मी र शान्तिसिंह थापाको संयुक्त इजलासमा सुनवाई तय भएको रिट हेर्न नभ्याइनेमा परेको हो । यसअघि पनि पुस २ गते तोकिएको पेसी 'हेर्न नभ्याइने'मा परेको थियो भने पुस ६ गतेका पेसी पनि 'हेर्न नभ्याइने' सूचीमा परेपछि सुनुवाइ स्थगित भएको थियो ।

हेटौंडा बजारक्षेत्रको सडक विस्तारसँग जोडिएको विषयमा रास्वपा नेतृ तथा पूर्वसांसद विन्दवासिनी कंसाकारसहित ६ जनाले दायर गरेको रिट निवेदनमाथि आइतबार लागि पेसी तोकिएको थियो । सर्वोच्चले यो मुद्दाको पेसी पुस २० गतेलाई तोकेको छ । डिभिजन सडक कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका र जिल्ला प्रशासन कार्यालय मकवानपुरलगायत निकायले सडक विस्तारको प्रक्रिया अघि बढाएपछि सम्पत्तिको अधिकार र मुआब्जाको माग गर्दै उनीहरु मंसिर १६ गते सर्वोच्च अदालत पुगेका थिए । सडक विभाग, सहरी विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई समेत विपक्षी बनाएर दायर गरिएको रिटमा सर्वोच्चले मंसिर ९ गते अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । यो मुद्दामा मंसिर २६ गते न्यायाधीश मेघराज पोखरेलको इजलासले विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गर्दै अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिएको थियो । सोहीदिन न्यायाधीश कुमार रेग्मी र महेश शर्मा पौडेलको इजलासले मिसिल झिकाउने आदेशसमेत दिएको थियो । यसअघि पुस २ गते न्यायाधीश तिलप्रसाद श्रेष्ठ र सुनीलकुमार पोखरेलको इजलासमा पेसी 'हेर्न नमिल्ने'मा परेको थियो भने पुस ६ गते प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले यो मुद्दा 'हेर्न नभ्याइने' सूचीमा राखेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९५ | जिल्ला अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४१७०४४०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८७३ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०७६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२५८०७, ९८४५१०११९४ |
| चौकीटोल चौकी: | ९७४२५५५५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७७ |
| चिलाउडे चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी: | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल: | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस १६ गते बुधबार ३१ डिसेम्बर २०२५ । द्वादशी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५६ सूर्यास्त ५:१८ । राष्ट्रिय मेलमिलाप दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा ढिलाइ | तुला | : आफन्तबाट सहयोग |
| वृष | : ऋण र शत्रु वृद्धि | वृश्चिक | : शत्रुबाट बाधा सृजना |
| मिथुन | : शैक्षिक कार्यमा सफलता | धनु | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| कर्कट | : परिवारमा विवाद | मकर | : रोकिएका काम बन्नेछ |
| सिंह | : खिन्नता रहने | कुम्भ | : व्यापारमा विशेष फाइदा हुनेछ |
| कन्या | : शैक्षिक कार्यमा सफलता | मीन | : शत्रु सजिलै हराउन सकिनेछ |

# बालेनको रास्वपा प्रवेशपछिका तरंग



✍झलक सुवेदी

पछि लेखिने नेपालको राजनीतिक इतिहासमा १३ पुस, २०८२ (२८ डिसेम्बर, २०२५) को मिति विशेष रूपमा सम्झना हुनेछ । आजैको बिहान भालेको डाँकसँगै नेपाली राजनीतिका शक्तिशाली दुई पात्र (रवि लामिछाने र बालेन्द्र शाह) र दुई वटा पपुलिस्ट समूह (बालेन समूह र राष्ट्रिय स्वतन्त्र पार्टी) का बीच एकता भएको छ । यसले बिहानैदेखि नेपाली राजनीतिक वृत्त तरंगित भएको छ । सम्भ्रान्त राजनीतिक समूहमा हल्लीखल्ली मच्चिएको छ । र, मेरो सम्पर्कमा आएका मतदाता र राजनीतिक व्यक्तिहरूले यो सहमतिलाई नेपाली राजनीतिमा आरेभञ्ज्याङको घुम्ती का रूपमा लिएका छन् ।

राजनीतिमा यस्ता एकता र विभाजनका अनेक सन्दर्भहरू आउँछन् र केही समय नबित्दै मानिसको चेतनाबाट ती बर्खे पानीको फोका झैं एकछिन सलल बगेर विलाउँछन् । फोकाको हावा हावामै मिल्छ र पानी सगोत्री पानीमै मिसिएर विलाउँछ । तर, रवि लामिछाने र बालेन शाहले आज गरेको हस्ताक्षरले नेपाली समाज र राजनीतिका आउने केही वर्ष तीव्र रूपमा प्रभावित हुनेछन् । सफलता असफलता जे भए पनि तिनको कथा इतिहासमा सम्झिइनेछ, अभिलिखित हुनेछ । यस्तो एकता ८ वर्ष पहिले दशैंको छेको पारेर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष कमरेड प्रचण्डका बीच पनि भएको थियो । त्यो सम्झौताले उत्पादन गरेको सिनर्जीको चलते उनीहरूको गठबन्धनले २०७४ को संसदीय निर्वाचनमा ल्याण्डस्लाइड भिक्ट्री पनि दिलायो । त्यो तत्कालीन जनमतको माग अनुरूपको निर्णय र परिणाम थियो । तर त्यसलाई उनीहरूले जोगाएर लैजान सकेनन् । अनि त्यसको प्रयोग गरेर जनताका आशा पूरा गर्ने कुनै अर्थपूर्ण काम गर्न पनि । उक्त घटना इतिहासमा अंकित त भयो, तर त्यो देशकै लागि एउटा दुस्वप्न जस्तो बन्न पुग्यो र कुनामा धकेलियो । यसको दुष्परिणाम अहिले ती दल, ती नेता र देशले पनि भोग्नुपरेको छ ।

रवि र बालेन बीच भएको एकता उनीहरूले कसरी सम्हाल्ने छन् ? के उनीहरू चुनाव जित्ने छन् ? के उनीहरूले चुनाव जिते भने देशमा उनीहरूले दाबी गरेको जस्तो सुशासन दिनेछन् ? अथवा उनीहरू पनि पुरानै दलहरू (२०४७ सालपछिको कांग्रेस, २०५२ सालपछिको एमाले या २०६५ सालपछिको माओवादी) जस्तै राणाकालदेखिको शासकीय मनोविज्ञानको निरन्तरता बोकेको नोकरशाही संयन्त्र, पुरानो सोचको अदालत, न्याय प्रणाली, नेताको भक्ति र सेवाले सुकेनास लागेको प्रहरी र आसेपासे पोस्ने आर्थिक नीतिहरूको शिकार हुनेछन् ? अथवा आफैं शिर निहुर्‍याएर सबै विकृतिको शिकार हुन स्वीकार गर्नेछन् र काठमाडौंको सदावहार सत्तारुढ वर्गको सेवामा खुलेर लाग्नेछन् जसले सबैखाले जण्ड सुधारहरूलाई रोक्दै आएको छ !

अहिले नै यी प्रश्नमा घोत्लिनु सोध्नु भर्खर जन्मेको बच्चालाई अरू कुरा त राम्रै हो यो पनि एकदिन अवश्य मर्छ भने जस्तो हुनजाला । त्यसैले यहाँ रास्वपा सभापति रवि लामिछाने र काठमाडौं महानगरका मेयर बालेन शाहका बीच भएको सहमतिको अर्थ र सम्भावनाबारे चर्चा गर्नु उपयुक्त हनेछ ।

### एकताको अर्थ र सन्देश

रवि लामिछाने र बालेन सँगै जस्तो राजनीतिमा उदाएका हुन् । दुवैले परम्परागत राजनीतिक दलहरूको धोकाधडी र छलछामबाट पीडित आम मान्छेका निराशालाई आफ्नो राजनीतिक यात्राको मुख्य आधार बनाएका थिए । २०७९ सालको स्थानीय तहको निर्वाचनसम्म बालेन केही र्‍यापरहरू र र्‍यापका श्रोताहरू अनि आफ्नो व्यावसायिक सर्कल बाहिर आम वृत्तमा सुनिएको नाम थिएन । तर उनले आफूलाई मतदातासँग जोड्न नयाँ प्रविधिको प्रयोग गरे र युवाहरू मार्फत आफूलाई स्थापित गरे । मतदाताको एउटा मौन विद्रोहसँगै उनले महानगरको मेयर पद हासिल गरे ।

उनले त्यति मात्रैले विश्वास जितेका होइनन् है ! उनीसँग महानगरको मेयर बन्न जाँदा के के गर्नुपर्छ भन्ने केही धारणा र प्रस्तावहरू पनि थिए । अन्तरमुखी र कतिपय निजी स्वभावहरूले उनलाई सार्वजनिक रूपमा चर्का भाषण र जुलुसतिर भन्दा घरदैलो र सामाजिक सञ्जालहरूको प्रयोगतिर तानेको देखिन्छ । जे होस्, काठमाडौंका मतदाताले उनका कुराहरू मन पराए (केशव स्थापित र सिर्जना सिंहका तुलनामा भनौं या एमाले र कांग्रेसको तुलनामा पनि भन्न सकिन्छ) । उनले मेयर पदमा धेरैले जिब्रो निकाल्ने गरी जिते । यसरी यो जितले जिब्रो निकाल्नेमा म पनि पर्छु (यद्यपि चुनावको एक साता पहिलेबाट अब उनले जित्नेछन् भन्ने निष्कर्षमा पुगेको थिएँ) । त्यसपछि उनले के गरे र उनका विरुद्ध के के गरियो भन्ने कुरा सबैलाई थाहा नै छ ।

रविको राजनीतिमा प्रवेशको आधार बनाइदिने जस शायद बालेनलाई जान्छ । स्थानीय निर्वाचन सकिएको एक महिनापछि नै रविले पत्रकारिता छाडेर राजनीतितिर हाम फाले । विवादास्पद भए पनि उनको सार्वजनिक छवि थियो । देशभरका साधारण मानिसहरूसँग उनले टिभी प्रस्तोताका रूपमा आम चासोका मुद्दा उठाएका कारण परिचय थियो । धेरै हदसम्म मध्यम तथा निम्न मध्यमवर्गका युवायुवती र खासगरी वैदेशिक रोजगारीमा रहेकाहरू रविलाई आफ्नो प्रतिनिधिका रूपमा हेर्न थालेका थिए । पार्टी स्थापना गरेको तीन महिनामा भएको निर्वाचनमा नै यिनले पनि अरू दलहरूलाई छक्कै पार्ने गरी प्रतिनिधिसभामा चौथो हैसियतको दल बनाए ।

लगत्तै गृहमन्त्री (एमाले-माओवादी सरकारमा) र उपप्रधानमन्त्री बने । विवादले यिनलाई त्यसपछि पनि छाडेन । फेरि उपचुनाव लड्न गए । झन् धेरै मत ल्याए । यसपटक कांग्रेसका युवा नेता स्वर्णिम वाग्ले रास्वपा प्रवेश गरे र उनीसँगै तनहुँमा चुनाव लड्न गए । यसले जुन सिनर्जी ल्यायो, त्यो बलशाली थियो । त्यसपछि त रविको यात्रा विवादहरूको चक्रव्यूहतिर प्रवेश गरेको थियो जसका लागि अरूभन्दा बढी उनी आफैं कारण रहेका थिए । उनको गल्ती पनि देखिन्थ्यो र राज्यको उनीप्रतिको पूर्वाग्रहपूर्ण व्यवहार पनि ।

जे भए पनि नेपालको आधुनिक राजनीतिका मुख्य चालक शक्तिका रूपमा रहेका परम्परागत राजनीतिक दलहरू- जोसँग विचारधारा थियो, इतिहास थियो र संगठन थियो, जसको शासकीय शैली र डेलिभरी विनाको चर्का कुराबाट जनता वाक्कदिक्क भएका थिए- रवि नेतृत्वको रास्वपाले हाकाहाकी चुनौती दियो । रास्वपालाई आफूसँग एसिमिलेट गर्ने या उसलाई किनारामा धकेल्ने दुई वटै विकल्पमा पुराना दलले काम गरे । यसो गर्दा आरम्भमा केही सफलता हासिल गरेको पछिल्लो गठबन्धन सरकारले जब रविलाई जेल पठायो तब उसको प्रयासका उल्टा परिणामहरू देखिन थाले ।

भदौ २३ र २४ का घटनाहरूमा रास्वपा र बालेन दुवैको प्रत्यक्ष परोक्ष सहभागिता थियो । अन्तरिम सरकारमा बालेनले चाहेको भए उनी नै प्रधानमन्त्री बन्ने स्पष्ट संकेतहरू थिए । उनले त्यो सम्हाल्न चाहेनन् । नख्खुबाट बाहिर निस्कनु रविका लागि त्यति फलदायी भएन । तर बालेन र रवि दुवैको निर्णयले भदौका घटनामा युवाहरूको बलिदानको स्वामित्व कसले लिइदिन्छ भन्ने प्रश्नको उत्तर दिनसकेको थिएन । सबैलाई थाहा थियो ती घटनाहरूका पछि (सडकहरूमा जे भयो) अनेक पक्षहरू थिए तर त्यसको राजनीतिक परिचालनमा यी दुई पक्ष अग्रभागमा थिए । उनीहरू अलगअलग हुँदा र प्रत्यक्ष दाबी नगर्दा जेनजी विद्रोह आफैं पासपोर्ट बोकेर भिसा लगाउन जाला जस्तो भइसकेको थियो ।

यो पृष्ठभूमिमा बालेनले रास्वपा मार्फत राजनीति अघि बढाउने, रवि नै रास्वपाको सभापति रहने, चुनाव चिह्न उही रहने गरी भएको निर्णयले तीन वर्ष पहिले स्थापित रास्वपाको राजनीतिक वैधानिकतालाई ह्वात्तै बढाइदिएको छ । जेहोस्, जेनजी आन्दोलनले राजनीतिक प्रतिनिधि पाएको छ । छन त सबै पार्टीमा जेनजी छन् । कांग्रेस, एमाले र माओवादी लगायत सबै दलका जेनजी पुस्ताले कतै न कतै आन्दोलनमा सहभागिता जनाएकै थियो । राप्रपा र माओवादीहरू पनि आन्दोलनमा सामेल थिए । तर यसको राजनीतिक लाभ र स्वामित्वमाथिको दाबी बालेन सहितको रास्वपाले पाउनेछ । जेनजीहरूका अनेक समूह र विचार पक्षहरू होलान् तर इतिहासमा जेनजी आन्दोलनको वैधता बालेन-रवि एकताबाट बनेको राजनीतिक समूहले प्राप्त गर्नेछ । जसरी माओवादी युद्धको स्वामित्व प्रचण्डसँग छ, झापा आन्दोलन र मालेको लिगेसी केपी ओलीसँग छ । त्यसरी नै जेनजी आन्दोलनको लिगेसी यो समूहले सम्हाल्नेछ (यसबारे उठेका र उठ्ने प्रश्नको जवाफ दिने जिम्मेवारी पनि यसैको हुनेछ) ।

यो सहमतिको सबैभन्दा महत्वपूर्ण कुरा चैं बालेनलाई रास्वपाले प्रधानमन्त्रीको उम्मेदवार का रूपमा अघि सारेर चुनावमा जाने घोषणा गर्नु हो । यो सम्भवत: नेपालको संसदीय राजनीतिको इतिहासका लागि नयाँ विषय हो । हुनत यस अगाडि पनि यस्ता अभ्यास भएका थिए, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराई र प्रचण्डका समयमा । तर बालेनको उम्मेदवारी ती सबैभन्दा भिन्न किन हो भने यो समूहको निर्वाचनको आधार संगठित शक्ति र इतिहास होइन लोकप्रिय मतमा आधारित हुनेछ ।

यस्तो लोकप्रियता बालेन र रवि दुवैसँग छ । रविसँग केही विवाद र मुद्दाहरू सँगसँगै हिंड्छन् र बालेन त्यस्तो झन्झटबाट मुक्त छन् । अब यो समूह नेपाली राजनीतिको निर्णायक विकल्पका रूपमा अघि बढेको छ । यसले आम मतदाता, जो एमाले, कांग्रेस र माओवादी (खासमा देउवा, ओली र प्रचण्ड) को विकल्प खोजिरहेका थिए, तिनले आफ्नो मत दिने ठाउँ भेटाएका छन् । भलै यो एउटा अस्थायी चौतारी मात्रै किन नहोस् । स्वाभाविक छ आउने निर्वाचन रास्वपा र अरूका बीच हुनेछ । केही दिनदेखि शहरमा देउवा र ओली आपसमा आउने निर्वाचन मिलेर लड्न सहमत भएका छन् भन्ने चर्चाले व्यापकता पाएको छ । यस्तो हुनु भनेको इतिहासले वर्तमानसँग गर्न खोजेको अन्तिम संघर्ष जस्तो हुनेछ । र यसले रास्वपालाई थप बलियो बनाउने छ ।

### खैलाबैला र आक्रमण

यो समाचार सुनेपछि मैले केही मित्र र परिवारका सदस्यहरू बीच चर्चा गरेको थिएँ । दुई जना राजनीतिक कार्यकर्तासँग उनीहरूले फेसबुकमा कस्तो प्रतिक्रिया देखेका छन् भनेर सोधेको थिएँ । यसमा स्पष्टसँग आएको एउटै कुरा हो कि यो एकतापछि आम वृत्त उत्साहित भएको छ । परम्परागत दलहरू हतोत्साही भएका छन् । मैले गरेका संवादबाट अनुमान लगाउन सकिने कुरा के हो भने आउने निर्वाचन रास्वपा एकातिर (सम्भवत: अन्त्यमा कुलमानको उज्यालो नेपालले पनि प्रत्यक्षतर्फ रास्वपासँग मिलेर चुनाव लड्न सक्छ, कुलमानले छिटै थाहा पाउने छन् उनको मात्र लोकप्रियता चुनाव जित्न पर्याप्त हुनेछैन) र अरू सबै अर्कोतिर भएर लड्नेछन् । ठूला दलहरू मिलेर चुनाव लड्नु भनेको पहिले नै आफ्ना विचार र आदर्शहरूले अर्थ गुमाएको स्वीकार गर्नु हो । विश्वको कुनै पनि देशको राजनीतिलाई विचारधाराविहीन ढंगले लामो समय चलाउन सकिने छैन ।

कांग्रेससँग उदारवादी लोकतन्त्रको मसिहा भएको टालो छ, एमाले र माओवादीसँग समाजवादका उद्देश्यका लागि हिंडेको बर्को छ । यस्ता टाला र बर्का नै हुन् तिनलाई इतिहासमा जोगाइराख्ने । चुनावहरू आउँछन्, जान्छन् । जित हुन्छन् र हार पनि । तर आदर्श र विचार हरू त्यागिसकेपछि हार मात्र हुन्छ, जितले अर्को आश्रय खोज्छ । अर्को कुरा पनि छ, कतिपयले र वि-बालेनको एकतालाई दुत्कारेका छन् । हर्क साम्पाङले हल्ला बोल्नु एउटा कुरा हो तर अरू जिम्मेवार दलका नामी नेताले पनि यो एकतालाई विदेशी चलखेल भन्दै खारेज गर्नु अराजनीतिक हतासाको प्रतिबिम्ब मात्रै हो । के रवि र बालेन मिल्दा राष्ट्रियता जोखिममा पर्छ ? पर्छ भने त्यसका ठोस कारण र सूचनाहरू के हुन् ? राजनीतिक मोर्चाका विरुद्ध लड्दा राजनीतिक हतियार नै चलाएको राम्रो । *(साभार: अनलाइनखबर)*

# न्यायमूर्तिज्यूहरूलाई पत्र

✍प्रा.डा. ऋषिकेश नारायण श्रेष्ठ

जेनजी पुस्ताले कुशासन, बेरोजगारी र भ्रष्टाचारविरुद्ध गरेको विद्रोहले शासनसत्तामात्र ढलेन, जलेका अदालतका दृश्यहरू र त्यतिबेला न्यायमूर्तिहरू सैनिक क्याम्पमा बस्नुपरेको बाध्यताले सम्पूर्ण नेपालीहरूलाई साह्रै दु:खी तुलाएको छ । श्रीमान् ! मानव जातिले गर्ने यस्ता विद्रोह पनि प्रकृतिले गरेको विद्रोह- भूकम्प, सुनामी, बाढीपहिरो र ज्वालामुखी जस्तै हुन सक्दछ, जुन समय सीमा तोकेर यति नै क्षति गर्छु भनेर आउँदैन ।

यद्यपि, यी विपत्तिहरूलाई रोक्न र भविष्यमा आइहाल्यो भने समाज र मानव जातिको क्षतिलाई कसरी न्यूनीकरण गर्ने भनेर सरकारले कार्ययोजना बनाएका हुन्छन् । तर श्रीमान् ! हामीकहाँ भूकम्प आउँदैछ भनेर वर्षौंदेखि भन्दै थियौं । आयो, क्षति गरेर गयो । त्यसैगरी केही महिनादेखि समाज विद्रोहतिर जाँदैछ भन्ने आभास भइरहेको थियो र सम्बन्धित निकायहरूलाई बोध पनि थियो, तर तत्कालीन सरकारले त्यसको सही आकलन नगरेको हुनाले इतिहासमै नभएको क्षति राष्ट्रले भोग्नुपर्‍यो ।

अहिले आएर विद्रोहमा भएको क्षतिको जिम्मेवारी लिनुको सट्टा कसमाथि दोषारोपण गर्ने भनेर पात्रहरू, संघ-संगठनहरू र विदेशी निकायहरू खोजिँदै छन् । तर दोषीको सुई निवर्तमान सरकारप्रति फर्कन थालेपछि भने संसद् पुनर्स्थापनाको मागसहित पुराना दलका सांसदहरू तपाईंहरू कहाँ आइपुगेका छन् । विश्वका केही मुलुकमा शासकहरूले चुनाव नगराएर सत्ता कब्जा गरेर बसेका छन् । हाम्रो देशमा सरकारले चुनाव गराएर सत्ता हस्तान्तरण गर्छु भन्दा पनि पार्टीहरू नै बिथोल्न लागिरहेका छन् । यदि सुरक्षाको कारण देखाएर केही पार्टीहरू चुनावमा जान असुरक्षित महसुस गरिएको हो भने त्यस्ता पार्टीले अर्को चुनाव 'मिसन ०८७'का लागि तयारी गर्नुस् । यो एकपटक देश र जनताको लागि त्याग गरिदिनुस् ।

श्रीमान् ! यो विद्रोह जन्माउन कतै न्यायपालिकाको बनावट, न्यायाधीशहरूको छनोट र न्याय सम्पादन पनि दोषी त छैन ? राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाहरू शक्ति पृथकीकरण र शक्ति सन्तुलन अनुसार चलेका हुन्छन्, तर यहाँ कार्यपालिकाको निर्देशन अनुसार अन्य दुई निकाय पनि चल्छ भन्ने आम जनविश्वास छ । उदाहरणका लागि कांग्रेस र एमालेले संसद् पुनर्स्थापनाको लागि सर्वोच्च अदालतमा निवेदन दिनासाथ अब संसद् पुनर्स्थापना हुने भयो भन्ने भ्रम फैलाइँदै छ । अर्कोतिर केही समूहले चुनाव हुन नसके संसद् पुनर्स्थापना हुन्छ, त्यसका लागि नजिर बलियो छ भन्दै 'मिडिया ट्रायल' गरिरहेका छन् ।

न्यायमूर्तिहरूलाई न्याय सम्पादन गर्दा कानुन र विवेक प्रयोग गर्ने दुवै अधिकार दिइएको हुन्छ । कानुनका सिद्धान्तका साथै व्यावहारिक पक्ष र आवश्यकताको सिद्धान्तको पनि प्रयोग गरिन्छ । यस्तो अदृश्य अधिकार प्रयोग गर्न दिइएको हुनाले तपाईंहरूलाई भगवानको मूर्ति जस्तै जीवित न्यायमूर्तिको दर्जा दिइएको छ । त्यसैले श्रीमान् ! अदालतको बेन्च पछाडि राखिएको तराजु समातेको आँखामा पट्टी बाँधेको मूर्ति जसरी निष्पक्ष भएर न्याय दिनुका साथै आँखाको पट्टी खोलेर देशको सबै वस्तुस्थिति बुझेर निर्णय लिनु आजको समयको आवश्यकता भएको छ ।

श्रीमान् ! संविधान जन्मेपछि संविधानभित्र भएका राम्रा धाराहरू जनताको पक्षमा प्रयोग गरिनुपर्थ्यो, तर त्यसको बदला हामीलाई सरकार बनाउने, गिराउने, जन्माउने, भत्काउने, अविश्वासको भोट राख्ने, संसद् विघटन र पुनर्स्थापना गर्ने संविधानका धाराहरूको मात्रै ज्ञान र शिक्षा दिलाइयो । यही नै सिक्न, पढ्न र सुन्न बाध्य बनाइयो । अहिलेसम्म हामीले पाएको गणतान्त्रिक संविधानको उपलब्धिहरू यतिमात्रै हुन् भन्दा हुन्छ । सम्मानित अदालतले बहुदलीय व्यवस्था बचाउनका लागि राजाको पालोमा संसद् पुनर्स्थापना गरेको थियो । तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालामा गणतन्त्र बचाउनका लागि संसद पुनर्स्थापना भएको थियो । अहिले गणतन्त्रका स्तम्भहरू सबै जलेर खरानी भएता पनि राष्ट्रपतिले आवश्यकताको सिद्धान्त अनुसार संविधानको कमभन्दा कम क्षतिमा देश र संविधान बचाएका छन् । पेटभित्र लागेको क्यान्सरलाई चिकित्सकले शल्यक्रिया गरेर बिरामी बचाएपछि बिरामीले काटेको ठाउँमा दाग किन देखियो भनेर बखडा गरेजस्तै अहिले पार्टीका केही नेताहरूले राष्ट्रपतिले असंवैधानिक काम गरे भनेर लफडा गर्दैछन् ।

श्रीमान् ! विगतमा पनि पार्टीहरूले व्यवस्था परिवर्तनका लागि आन्दोलन, हत्या, हिंसा, आगजनी, लुटपाट, तोडफोड र आम हड्ताल गरेकै थिए र त्यसमा सफल भएर सत्ता चलाएकै हुन् । अहिलेको जेनजी विद्रोह गणतन्त्र मास्ने खाल कै थियो, तर यसलाई बचाउन भूमिका खेलेका राष्ट्रपति, नेपाली सेना र जेनजीका अगुवाहरूलाई धन्यवाद दिनु त कहाँ हो कहाँ, उनीहरूको अवमूल्यन गरिराखेका छन् । अहिले संसद् पुनर्स्थापनाका पक्षधर कानुनका विद्यार्थीहरूले संविधान पुनर्स्थापनाका लागि दाबी गरेका संविधानका धाराहरूभन्दा जेनजी पुस्ता र स्कुलका विद्यार्थीहरू, त्यसमा पनि नौ कक्षामा पढ्ने विद्यार्थीले बोलेका परिवर्तनका आवाजहरू कैयौं गुना बलिया देखिन्छन् । अर्कोतिर संसद् भवन अगाडि जहाँ गणतन्त्रको संविधान जन्मिएको थियो, त्यसैको अगाडि स्कुलका ड्रेसमा मारिएका विद्यार्थीहरूको बलिदान संविधानको कुन धाराले न्यायोचित प्रमाणित गर्दछ ?

विद्रोहको समयमा दुई तिहाइको संवैधानिक सरकार, विद्यार्थीहरूलाई गोली हानेर पनि संविधानका धाराहरू बचाउन नसकेर भाग्ने, अनि पछि आएर असंवैधानिक सरकार मान्दैनौं भन्नु, खेलमैदान छोडेर भाग्नेले पछि आएर हामी प्रथम भएका हौं भनेर बल मिचाइ गर्नुजस्तै हो । श्रीमान् ! देश असहज स्थितिबाट गुज्रिरहेको छ, असफलतातिर अगाडि बढिराखेको देखिन्छ । विदेशीहरूको हस्तक्षेप बढिरहेको कुरा जिम्मेवार नेताहरूबाट सुन्नमा आइरहेको छ । विभिन्न अस्थिरतावादी समूह सक्रिय छन्, कोही चुनाव बिथोल्न चाहन्छन्, कोही संविधान मास्न चाहन्छन् । पार्टीभित्रका नेता र समूहबाट आफ्नो अस्तित्व र प्रतिष्ठा बचाउनका लागि विभिन्न भ्रम सिर्जना गर्ने कार्य भइरहेको छ ।

जनताले राजनेता नपाएको अवस्थामा देशको चिन्ता आम नेपाली जनतामा बढ्दो छ, तर उनीहरू संगठित छैनन् । उनीहरूको आवाज जनप्रतिनिधिले बोल्नुपर्ने हो, तर उहाँहरू प्रमुख नेताहरूको स्वार्थ र अधीनमा छन्, त्यसैले सत्यतथ्य बोल्न सकिरहेका छैनन् । त्यसैगरी केही राजनीतिक आस्थाका कानुनका विद्यार्थीहरूले संसद् पुनर्स्थापनाको मुद्दा छोटो प्रक्रियाबाट टुंग्याउन दबाब दिइराखेका छन् । श्रीमान् ! संवैधानिक आयोगका पदाधिकारीहरूको नियुक्ति सम्बन्धी परेको रिटमाथिको अस्वाभाविक निर्णय आउन त ४ वर्ष लाग्यो भने अहिले ७६ जनाको बलिदान, सयौंको अङ्गभङ्ग, हजारौं घाइते, अर्बौंको क्षति, गणतन्त्रका स्तम्भहरू खरानी भई सरकारविहीन अवस्था आएपछि भएको संसद् विघटनको गम्भीर मुद्दाको निर्णय आउन समय अवश्य लाग्ने नै छ ।

यस्तो अवस्थामा हतार-हतारमा बृहत् छलफल र बहस नगरी संसद् पुनर्स्थापना भयो भने एक पक्षको जित अर्को पक्षको हार हुनेछ । त्यसपछि अस्थिरतावादी शक्तिले हारेको पक्षलाई उचालेर देशलाई नयाँ द्वन्द्वमा फसाउने देखिन्छ । दुई तिहाइ बहुमतको सरकारले जन्माएको थियो जेनजी विद्रोह । फेरि तिनै समूहलाई राज्य सत्ताको साँचो सुम्पियो, सहिदको बलिदानमाथि अन्याय भयो भनेर अकल्पनीय स्थिति सिर्जना गराउन सक्छ ।

अहिलेको अवस्थामा जनता आफ्नो आक्रोश भोटबाट पोख्न चाहन्छन् । यो आक्रोशलाई संसद् पुनर्स्थापनाबाट रोक्ने कोसिस गरियो भने अर्को नयाँ विद्रोह जन्मिन सक्छ । त्यसैले न्यायमूर्तिहरूले विवेक प्रयोग गर्ने समय आएको छ- संविधानको केही धारा बचाउने कि देश बचाउने ? चुनावले नै ट्र्याक बाहिर गएका संवैधानिक धाराहरूको उपचार गरिदिन्छ । यदि संविधान नै मिचेको कुरा गर्ने हो भने देश बाचिरहे दर्जनौं संविधान पुन: लेख्न सकिन्छ ।

*(साभार: रातोपाटी)*

# मौसम परिवर्तनले चुनौती झेल्दै महिला

अनिल पराजुली

हेटौंडा, १४ पुस/ जलवायु परिवर्तन र प्राकृतिक विपत्तिबाट सुगमभन्दा दुर्गम र विपन्न महिला धेरै प्रभावित भएका छन् । प्राकृतिक स्रोतका भरमा घरपरिवार र पशुको हेरचाह गर्नुपर्ने महिला जलवायु परिवर्तनको मारमा परेका हुन् ।



जलवायु परिवर्तनका कारण कृषि, पशुपालन र दैनिक जीवनमा विविध समस्याको सामना गर्दै संघर्ष गरिरहेका छन्, महिलाहरु । मकवानपुरको मनहरी गाउँपालिका-३, डेडुवाखोलाकी अल्पसंख्यक चेपाङ समुदायकी पम्फा चेपाङको दैनिक जीवन संघर्षमय छ । ११ वर्षकै उमेरमा विवाह गरेकी पम्फाले सानैदेखि जीवनका कठोर चुनौती सामना गर्नुपर्‍यो । विवाहपछि उनका श्रीमान् वैदेशिक रोजगारीका लागि मलेसिया गएपछि परिवारको सम्पूर्ण जिम्मेवारी एक्लै उनकै काँधमा आयो ।

२५ वर्षको उमेरमा श्रीमान् विदेश गएपछि सम्पर्कविहीन बनेको बताउँदै पम्फा भन्छिन्, ‘त्यतिबेला छोरी ६ वर्षकी र छोरा १० वर्षका थिए । अरुको घरमा लुगा धुने, ज्यालामजदुरी गर्ने र खेतीपाति गरेर मैले बालबच्चा हुर्काएँ ।’ सानै उमेरदेखि आफैँ कमाउने र जोगाउने बानीले उनलाई कहिल्यै हार नमान्ने बनाएको छ । ‘केही गर्न सक्छु भनेर हिम्मत नगरेको भए आज म यहाँ हुने थिइनँ,’ उनले पुराना दिन सम्झँदै भनिन् । अर्काको कमाइमा निर्भर नभई आफैँ श्रम गरेर अगाडि बढेको उनको भनाइ छ ।

दैनिक ज्यालादारी र माइतीतर्फको पाँच कठ्ठा जग्गामा खेती गरेर चारजनाको परिवार पाल्दै आएकी पम्फाका लागि संघर्ष जीवनको पर्याय बनेको छ । आफू पढ्न नपाए पनि छोराछोरीलाई पढाउने लक्ष्यसहित दु:ख गरेको बताउँदै उनले भनिन्, ‘अहिले छोरी काठमाडौँमा पढ्दै छ, छोरो कतार गएको छ ।’ सुत्केरी भएको दुई महिनामै दुईतला माथि बालुवा बोकेर काम गरेको अनुभव सुनाउँदै उनले भनिन्, ‘तीनवटा घरमा लुगाधुन जान्थैँ । छोरीलाई थुन्चेमा सुताएर भारी बोकेर हिँड्थैँ ।’ सुत्केरी अवस्थामा फर्सीको कैँडा र मुन्टा पानीमा पकाएर खाएको स्मरण गर्दै उनले विगतको पीडा बयान गरिन् ।

खेतीपातिमा आएको परिवर्तन पनि पम्फाले नजिकबाट भोगेकी छन् । पहिले दश कठ्ठा जमिनबाट पनि वर्षभरि खान नपुग्ने अवस्था रहेपनि अहिले पाँच कठ्ठामा भएको उत्पादनले परिवारलाई खान पुग्ने गरेको उनी बताउँछिन् । ‘पहिले धान मंसिरमा काटिन्थ्यो, मकै एकबाली मात्रै हुन्थ्यो,’ उनले भनिन्, ‘अहिले हाइब्रिड बीउ आएपछि छिटो उत्पादन हुन्छ ।’ तर, हाइब्रिड बीउसँगै समस्या पनि बढेको उनको अनुभव छ । ‘पहिले सबै स्थानीय जातको बीउ प्रयोग हुन्थ्यो, अहिले सबै हाइब्रिड भयो । उत्पादन धेरै हुन्छ तर, स्वाद हुँदैन, बोटमै कीरा लाग्छ,’ पम्फाले भनिन् ।

पहिले विषादिरहित मल प्रयोग गरेर खेती गरिने गरेको स्मरण गर्दै उनले अहिले रासायनिक मल र विषादि बिना खेती गर्न नसकिने अवस्था आएको बताइन् । शक्तिशाली कृषक महिला समूहकी अध्यक्षसमेत रहेकी पम्फा भन्छिन्, ‘उम्रेदेखि खुम्रेसम्म औषधि नहाली हुँदैन ।’ खेतीका क्रममा रासायनिक मल र विषादि छर्कने काम पनि प्राय: महिलाले नै गर्नुपर्ने हुँदा स्वास्थ्यमा असर परेको उनको गुनासो छ । ‘विषादि छर्दा टाउको दुख्छ, ढाड र आँखा पोल्छ,’ उनले भनिन् । त्यस्तै डेडुवाखोलाकी स्थानीय कृषक मिठु कार्कीको कथा पनि जलवायु परिवर्तनले महिलामाथि पारेको असरको प्रतिनिधि उदाहरण हो ।

सामान्यतया असार साउनमा पर्ने नियमित वर्षा पछिल्ला केही वर्षदेखि अनिश्चित बन्दै गएपछि कृषि पेशामा संलग्न किसान मारमा परेका छन् । वर्षा हुने समय परिवर्तन हुँदा खेतबारीमा लगाइएका बालीमा क्षति पुग्न थालेपछि यहाँका कृषक चिन्तित बनेका छन् । कार्कीले पाँच कठ्ठा क्षेत्रफलमा टमाटर खेती गरेकी थिइन् । बीउ, बिरुवा, मल्चिङ, थाँक्रो, धागो र मजदुरीसहित करिब एक लाख रुपैयाँ लगानी गरिएको थियो । बिरुवा राम्रैसँग हुर्कँदै थियो र यसपटक राम्रो आम्दानी हुने आशामा उनी थिइन् । तर, असोजमा परेको बेमौसमी वर्षाले उनको आशा निराशामा परिणत गरिदियो ।

‘भदौँमा लगाएको बिरुवा असोजमा राम्रो हुँदै थियो । कार्तिकपछि फल पाउने आशा थियो तर, पानीले सबै मास्यो,’ उनले भावुक हुँदै भनिन् । अघिल्ला वर्षमा टमाटर खेतीबाट चार लाख रुपैयाँसम्म आम्दानी गरेको स्मरण गर्दै यस वर्ष सम्पूर्ण लगानी गुमेकोमा उनले दु:ख व्यक्त गरिन् । परिवारका सबै सदस्य मिलेर खेती गर्दै आएकी कार्कीले बेमौसमी वर्षाले सम्पूर्ण बाली नष्ट गरेको गुनासो गरिन् । ‘बेमौसममा परेको पानीले सबै क्षति भयो,’ उनले भनिन् । धान र मकैको मात्रै बीमा हुने ठानेकी थिएँ तरकारी खेतीको बीमाबारे आफूलाई खासै जानकारी थिएन । स्थानीय सरकारबाट कुनै किसिमको क्षतिपूर्ति नपाएको गुनासो पनि उनले गरिन् ।

तरकारी खेतीमा विषादि प्रयोग नगरी उत्पादनको विकल्प नरहेको अनुभव सुनाउँदै कार्कीले यसको असर स्वास्थ्यमा देखिन थालेको बताइन् । ‘मेरो बुवाआमा मभन्दा अझै तगडा हुनुहुन्छ । उहाँहरु पहिलेदेखि अर्गानिक खाना खानुहुन्छ,’ उनले भनिन्, ‘हामीले जन्मेदेखि विषादियुक्त खाना खान थालेपछि शरीर कमजोर हुँदै गएको छ ।’ तरकारी खेतीमा विषादि छर्दा ढाड पोल्ने, जिउ पोल्ने र घाँटी दुख्ने समस्या हुने गरेको बताउँदै उनले औषधि छर्किएको ठाउँबाट हिँड्दा समेत टाउको दुख्ने अनुभव सुनाइन् । स्वास्थ्य जोखिमका बाबजुद खेती गर्न बाध्य भएको बताउँदै उनले विषादि प्रयोग गर्दा मास्क लगाउने गरेको जानकारी दिइन् ।

त्यस्तै सानुमाया वल अरुको जग्गा भाडामा लिएर खेती गर्दै जीवनयापन गर्दै आएकी छन् । उनले तीन कठ्ठा जग्गामा लगाएको टमाटर खेती फूलखेल्ने अवस्थामा असोजमा परेको बेमौसमी वर्षाका कारण पूर्णरुपमा नष्ट भएको छ । खेतमा पानी जमेपछि सबै टमाटर मरेको बताउँदै उनले यस वर्षको आशा निराशामा परिणत भएको सुनाइन् । अरुको जग्गा भाडामा लिएर खेती गर्दै आएकी वलले प्रतिकठ्ठा वार्षिक तीन हजार रुपैयाँ तिरेर खेती गर्ने गरेकी छन् । लगानी डुब्नुका साथै भाडाको रकम तिर्नुपर्ने बाध्यताले आफूलाई थप आर्थिक दवाब परेको उनको गुनासो छ ।

त्यस्तै सोही टोलकी रिमा पुरीले पाँच कठ्ठा जग्गामा तरकारी र मकै खेती गर्दै आएकी छन् । पछिल्ला वर्षमा स्थानीय जातको बीउ प्रयोग हुन छाडेर सबै हाइब्रिड बीउमा निर्भर हुनुपरेको उनी बताउँछिन् । ‘मकैको बोटमै कीरा लाग्छ । धेरै फलेपनि धेरै समय राख्न सकिँदैन,’ उनले भनिन् । जलवायु परिवर्तनले गर्दा किसानको उत्पादनलाई भण्डारण गर्न चुनौती थपिएको छ । बिगतका दिनमा वर्षभरिलाई पुग्नेगरी अन्न भण्डारण हुने गरेको थियो तर, हिजोआज दुईतीन महिनामा अन्न नष्ट हुन थालेको छ ।

शिक्षा निरन्तरता दिन नसकेको र अन्य सीपसमेत नभएकाले कृषि नै जीवनयापनको सहज माध्यम बनेको रिमाको भनाइ छ । उनका श्रीमान् वैदेशिक रोजगारीमा रहेकाले परिवारका लागि आवश्यक खाद्यान्नको जोहो गर्नेदेखि खेतीपातीसम्मको सम्पूर्ण जिम्मेवारी उनले नै सम्हाल्दै आएकी छन् । ढेडुवाखोलाका महिला आफ्नो टोलको समस्यालाई टोल विकास संस्थामार्फत वडा र पालिकामा लैजाने गरेका छन् । यहाँ गठन भएको शान्ति टोल विकास संस्थामार्फत आफ्नो समस्या स्थानीय सरकारसम्म लैजाने गरेको पम्फाले जानकारी दिइन् ।

यहाँका महिला सरसफाइ र स्वास्थ्यसम्बन्धी विषयमा पनि सचेत छन् । टोल विकासको पहलमा पालिकाले फोहर संकलनका लागि गाडी व्यवस्था गरेको छ । टोल विकास संस्था गठन भएदेखि महिलाहरु मासिक एकसय रुपैयाँ बचत गर्दै आएका छन् । टोल विकासका अध्यक्षले गतिविधिबारे नियमित जानकारी दिने र मोवाइल ग्रुपमार्फत् सूचना आदानप्रदान हुने भएकाले यहाँका महिलाले टोलको गतिविधिबारे सजिलै जानकारी पाउँछन् । वडा र पालिकाले ल्याएको प्याज प्रवर्द्धन कार्यक्रम र अन्य कृषि सूचना पनि टोल विकास मार्फत महिलासम्म पुगेको छ ।

‘प्याजको बीउ तीन कठ्ठामा, आलुको बीउ पाँच कठ्ठामा लगाउने तरिका सिक्यौँ । हाम्रो जमिन सानो भएकाले सबै ठाउँमा लगाउन सक्दैनौं ।’ पाडो र ब्रोइलर खुकुरा अनुदानमार्फत पाउने विषयमा पनि जानकारी पुगेको छ । तर, आर्थिक अवस्था कमजोर भएकाले धेरै महिलाले ५० प्रतिशत पालिका र ५० प्रतिशत जनसहभागितामा रकम हाल्नुपर्ने अनुदान लिन नसकेको उनी बताउँछिन् । केही महिला दैनिक जीविकोपार्जनका लागि घाँस काट्ने र दाउरा खोज्न जंगल जाने भएकाले वडा वा पालिकासम्म पुग्न र जानकारी लिन पनि नसक्ने अवस्था छ ।

२०७२ सालको भूकम्पपछि यहाँका पानीका स्रोत सुक्दै गएका छन् । अहिले टोलभरिका सबैले एउटै धाराबाट पानी पिउँदै आएका छन् । पम्फाले भनिन्, ‘चैत-बैशाखपछि यो धारो पनि सुक्ला कि भन्ने चिन्ता छ ।’ अल्पसंख्यक चेपाङ समुदायको बाहुल्यता रहेको यो टोलमा एउटा मात्र धारामा पालैपालो पानी थाप्नुपर्ने बाध्यता छ । कहिलेकाँही बोत्तल ढोकामा राखेर तलतिर पानी लिन जानुपर्ने अवस्था पनि छ । ढेडुवाखोलाका समुदायले कुवाबाट चारवटा रिङ ल्याएर पानीको व्यवस्था गरेका छन् ।

बर्खा लागेपछि कुवाको पानीमा भल पस्दा आकाशे पानीको भर पर्नुपर्ने अवस्था रहेको छ । त्यस्तै मनहरी-३ लामिटारकी मीरा प्रजाले भनिन् ‘पहिले बस्तुको मल हाल्दा उत्पादन हुने कृषिउपजले परिवारको खानेकुरा पुग्थ्यो तर, अहिले रासायनिक मल र हाइब्रिड बीउ प्रयोग नगरे उत्पादनै हुँदैन ।’ त्यस्तै, कालिमाया मोक्तानले पनि बिनाविषादि उत्पादन सम्भव नभएको बताइन् । उनले भनिन्, ‘श्रीमान दैनिक ज्यालादारीमा जानुहुन्छ, खेतिपाती म आफैँ गर्छु । बालिमा विषादि हाल्ने काम पनि म आफैँले गर्छु । औषधि हालेको दिन टाउको दुख्छ, ज्यान भारी लाग्छ । सुरक्षाका लागि माक्स र पन्जा प्रयोग गर्नेबारे मलाई जानकारी छैन ।’

माथिल्लो गाउँ नयाँबस्तीमा रुख कटान भएपछि पानीको मुहान सुक्दै गएको र यसले खानेपानीको समस्या आउनेमा उनीहरुले चिन्ता व्यक्त गरे । मीराले टोल विकासको भेला र खानेपानीसम्बन्धी मिटिङबारे जानकारी नपाएको पनि बताइन् । ‘घरघर आइपुगेर केवल हस्ताक्षर मात्रै गराउँछन् तर, बैलैमा जानकारी दिइँदैन,’ उनले भनिन् ।

**कृषि कार्यक्रम कार्यान्वयन चुनौतीपूर्ण**

मनहरी गाउँपालिका-३ का वडाध्यक्ष अनन्तप्रकाश आर्यालले आफ्नो वडामा कार्यक्रम सूचना र कार्यान्वयनमा टोल विकास संस्था तथा वडासदस्यको सहयोगमा काम भइरहेको बताएका छन् । उनका अनुसार, वडासदस्य भएको स्थानमा सूचना वडासदस्यमार्फत र नभएको स्थानमा टोल विकास संस्थाबाट पालिका तथा वडा कार्यक्रमबारे जानकारी दिइन्छ ।

अर्यालका अनुसार वडा कार्यालयमार्फत आर्यआर्जन तथा गृहिणी महिलाका लागि विविध कार्यक्रम संचालन हुँदै आएको छ । तर, प्रदेश सरकार बाट स्थानीय तहमा प्राप्त कार्यक्रम कार्यान्वयन गर्न अप्ठेरो भएको छ । उनले थपे, ‘प्रदेशले कार्यक्रम संचालन कार्यविधि बनाउँदा ५० प्रतिशत लागत प्रदेश सरकार र ५० प्रतिशत उपभोक्ताले हाल्नुपर्ने भएकाले कतिपय अवस्थामा आर्थिक कमजोरी भएका उपभोक्ताले लागत जुटाउन नसक्दा कार्यक्रममा सहभागिता कम हुने समस्या छ ।’

अघिल्लो आर्थिक वर्षमा वडा कार्यालयले तरकारी वालीमा राहत वितरण गरेको थियो । तरकारी वालीमा राहत दिँदा मूल्यांकन गर्ने प्राविधिक समस्या देखापरेको आर्यालले बताए । गत आवमा भान्टा विक्री नहुँदा २५ जना किसानलाई वडा कार्यालयको ४ लाख रुपैयाँ सिलिङ बजेटबाट राहत प्रदान गरिएको थियो । वडाअध्यक्ष आर्यालले प्रदेश र स्थानीय तहबीच कार्यक्रम कार्यान्वयनमा समन्वय र उपभोक्ताको आर्थिक क्षमता अनुसार कार्यक्रम सञ्चालन गर्न थप योजना आवश्यक भएको बताएका छन् ।

यस्तै मकवानपुर महिला उत्थान समाजले समूह बनाएर यहाँका न्यून आय भएका महिलालाई सहयोग गर्दै आएको छ । स्थानीय सहजकर्ता मनिषा पुडासैनीका अनुसार, आर्थिक अवस्था कमजोर र हिंसाप्रभावित महिलालाई लक्षित गरी विभिन्न कार्यक्रममार्फत सहयोग गरिएको छ । उर्मिला ब्लोनलाई पाडी पालनका लागि २० हजार रुपैयाँ सहयोग गरिएको थियो । पुडासैनीले भनिन्, ‘दैनिक ज्यालादारी गरेर जीविका चलाउँदै आएकी उनलाई फिर्ता गर्न नपर्ने गरी अनुदानको व्यवस्था गरिएको हो ।’

त्यस्तै, पशुपालनका लागि देवकली भ्लोन र सविता प्रजालाई घुम्ती कोषमार्फत् २५-२५ हजार रुपैयाँ सहयोग गरिएको छ । अर्गानिक खेती गर्नका लागि लक्ष्मी बतौँला र मिठु कार्कीलाई ५-५ हजार रुपैयाँ सहयोग गरिएको छ । मानसिक रोगी भएकी देवकी प्रजालाई उपचारका क्रममा बाटो खर्चको रुपमा ५ हजार रुपैयाँ सहयोग गरिएको पुडासैनीले जानकारी दिइन् । त्यस्तै मनहरी-३ लामिटारमा रहेको लामिटार महिला समूहमार्फत महिलालाई आर्यआर्जनमा जोड्न कृषि र पशुपालनका कार्यक्रम सञ्चालन गरिएको छ । समूहकी अध्यक्ष सरिता तामाङका अनुसार, महिलाले समूह बनाएर नियमित ५० रुपैयाँ मासिक बचत गरिरहेका छन् । ‘पाडी, बाख्रा, कुखुरा पालन र अर्गानिक खेतीका लागि महिलालाई समूहमार्फत सहयोग दिइएको छ ।’

पाडी पालनका लागि अन्जना बस्नेतलाई १९ हजार, बाख्रा पालनका लागि कुमारी प्रजालाई १९ हजार रुपैयाँ अनुदान प्रदान गरिएको उनले जानकारी दिइन् । घुम्ती कोषमार्फत सुनिता प्रजालाई खुद्रा पसल सञ्चालनको लागि २५ हजार, कुखुरा पालनका लागि सीता कुमारीलाई २५ हजार र अर्गानिक खेतीका लागि विष्णुमाया वललाई ९ हजार रुपैयाँ उपलब्ध गराइएको छ । मकवानपुर महिला उत्थान समाजले महिलालाई आत्मनिर्भर बनाउने प्रयास गरिरहेको छ । बेमौसमी पानीका कारण कृषिमा क्षति पुग्दा कृषिमै निर्भर रहेका महिला बढी प्रभावित भएका छन् ।

# कांग्रेस महामन्त्री शर्माको शब्द-संगीतमा ‘बिगुल’को ‘जनताको आवाज’ गीत रिलिज





काठमाडौं/नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले आफ्नो परिचयको आयाम फराकिलो बनाएका छन् । राजनीतिमा कुशल छवि बनाएका उनले फिल्म ‘बिगुल’मार्फत आफूलाई गीतकार र संगीतकारको रूपमा पनि प्रस्तुत गरेका छन् । फिल्मका लागि उनले तयार पारेको गीत ‘जनताको आवाज’ आइतबार सार्वजनिक गरिएको छ । यसमा राजेश पायल राईको स्वर सुन्न सकिन्छ ।

राष्ट्रिय झण्डासहित देशमा सुशासन, विकास र शान्तिको सन्देश फैलाउन फिल्मका कलाकारहरू घरदैलो अभियानमा लागेको गीतको भिडियोमा देख्न सकिन्छ । देश प्रतिनिधि सभा निर्वाचनको माहोलमा होमिरहेका बेला सार्वजनिक गरिएको यस गीतले जनतामा राजनीतिक चेतना, सामाजिक दायित्व, र देशप्रेमको बोध गराउने अपेक्षा गरिएको छ ।

रमेश कोइरालाको निर्देशनमा बनेको यस फिल्ममा बेनिशा हमाल, रमेश बुढाथोकी, नरेन खड्का, नीर शाह, सरोज खनाल, हेमन्त बुढाथोकी, शिशिर वाङ्देल, विनोद न्यौपाने, जेएन घिघिरे, गीता अधिकारी, मीरा पण्डित, मानश्री शर्मा लगायतको अभिनय रहेको छ । कल्पना पौडेल प्रस्तुतकर्ता रहेको फिल्ममा सूर्य कान्त कोइराला र महेश कोइराला सह-निर्मातामा छन् ।

फिल्ममा प्रदिप भारद्वाज र मौनता श्रेष्ठको पटकथा तथा संवाद, शिव ढकालको छायाङ्कन, कमल राई र कविराज गहतराजको नृत्य, एनबी महर्जनको द्वन्द्व निर्देशन, विश्वप्रकाश शर्मा, अर्जुन पोखरेल र मनोज चौलागाईंको संगीत तथा तारा थापा किम्भेको सम्पादन रहेको छ । यो फिल्म आगामी माघ ९ गतेबाट प्रदर्शनमा आउँदैछ ।

# ‘आ बाट आमा’को गीतमा प्रतिभा देखाउनेलाई नगद पुरस्कार







काठमाडौं/आगामी माघ १६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘आ बाट आमा’को शीर्ष गीत ‘लैजा खबर ए हावा’ यतिबेला चर्चामा छ । युट्युब रिलिजको दुई सातामा २६ लाखभन्दा बढीले हेरि सकेको यो मर्मस्पर्शी गीतलाई दर्शकबाट प्रशंसाको ओइरो लागेको छ । अब यस गीतमा निर्माण पक्षले गायन र अभिनयसम्बन्धी प्रतियोगिताको घोषणा गरेको छ ।

उक्त गीतमा कभर गाउने र अभिनय गर्नेले ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा सहभागी हुन इच्छुकले आ-आफ्नो विद्यामा भिडियो तयार पारेर माघ १२ गतेभित्र टिकटकमा अपलोड गरिसकेको हुनुपर्नेछ । सो मितिसम्म अपलोड भएका भिडियोहरूलाई मात्र प्रतिस्पर्धामा समावेश गरिने निर्माण पक्षले जनाएको छ ।

उत्कृष्ट गायन र अभिनय सहितको भिडियो चयन गरी माघ १४ गते विजेतालाई पुरस्कार प्रदान गरिने निर्देशक चन्द्र पन्तले जानकारी दिए । प्रतियोगितामा सहभागी हुनेले भिडियो अपलोड गर्दा ओएसआर डिजिटलको टिकटक अकाउन्टमा अनिवार्य रूपमा मेन्सन गर्नुपर्नेछ । यो प्रतियोगिताले फिल्मप्रति दर्शकको आकर्षण बढाउन ठूलो भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

निर्देशक पन्त स्वयंको कथा र पटकथा लेखन रहेको फिल्ममा विपना थापा, प्रदीप रावत, पल शाह, विशाल पहाडी, रवीन्द्र झा, गजित बिष्ट, हेमराज अधिकारी, दीलिप उखेडा, रचना गौतम लगायतको अभिनय रहेको छ । नवराज उप्रेतीको डिओपी रहेको फिल्ममा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ध्रुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुंगाना निर्मातामा छन् ।

# ‘झरीपछिको इन्द्रेणी’लाई एक करोड कमाउन पनि हम्मे

काठमाडौं/मंसिरमा सुस्ताएको नेपाली फिल्मको व्यापार गत साता प्रदर्शनमा आएको फिल्म ‘झरीपछिको इन्द्रेणी’ले केही हदसम्म चलायमान बनाउने अपेक्षा गरिएको थियो ।

किनकि, यसमा स्टार कास्ट बलियो थियो । तर, यो फिल्मको व्यापारिक नतिजा पनि निराशाजनक आएको छ । फिल्मले प्रदर्शनको ९ दिनसम्म घरेलु बक्स अफिसमा एक करोडको आँकडा पनि कटाउन सकेको छैन ।

सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको तथ्यांक अनुसार फिल्मले गत शनिबार राति ११:५९ बजेसम्म १९ हजार ७९३ वटा टिकट बिक्रीबापत ६२ लाख ६९ हजार ४७५ रुपैयाँ ग्रस कमाएको छ । यो कमाइ अपेक्षाभन्दा निकै न्यून हो । बलिउडको ‘धुरन्धर’ र हलिउडको ‘अवतार ३’ले फिल्मको व्यापारमा प्रतिकूल असर पारेको विश्लेषण गरिएको छ ।

‘झरीपछिको इन्द्रेणी’लाई काठमाडौं महानगरका प्रमुख बालेन शाहले समेत साथ दिएका थिए । उनले फिल्मका लागि एक गीत नै गाएका छन् । युट्युबमा उनको गीतले लोभलाग्दो भ्यूज पाए पनि त्यसले फिल्मको व्यापारमा फाइदा पुगेको देखिँदैन । यद्यपि, फिल्मलाई दर्शकीय प्रतिक्रिया सकारात्मक मिलेको छ । तर, अब फिल्मले लगानी उठाउने सम्भावना देखिँदैन ।

बोर्डले ‘परान’, ‘हर्ष’, ‘अभिमन्यु’, ‘पीआर’, ‘लोकन्ती’, र ‘चिराग’ फिल्मको पनि व्यापारिक आँकडा सार्वजनिक गरेको छ । जसअनुरुप ‘परान’को व्यापार १७ करोड ६७ लाखमाथि छ भने ‘हर्ष’को २८ लाख ७८ हजार, ‘अभिमन्यु’को २१ लाख ५० हजार, ‘पीआर’को ६ लाख ७५ हजार, ‘लोकन्ती’को ४ लाख १२ हजार र ‘चिराग’को ६८ हजार ४५० रुपैयाँ मात्र ग्रस व्यापार भएको छ ।

# साना पार्टीलाई उम्मेदवार नपाएर हैरान, ठूलालाई चित्त बुझाउनै मुस्किल

काठमाडौं/सोमबार बिहान १० बजे कान्तिपथ स्थित निर्वाचन आयोग पुग्दा सुनसान जस्तै थियो । आयोगका कर्मचारी दलहरूको पर्खाइमा थिए । सवा १० बजेतिर जनप्रिय लोकतान्त्रिक पार्टी आयोग पुग्यो । आइतबार नै निस्सा लिएका थिए । समानुपातिकतर्फको बन्द सूचीमा रहने नाम बुझाए र निस्किए ।

त्यसपछि १२ बजेतिर नेपाल जनता संरक्षण पार्टी पुग्यो । यो पार्टीले समानुपातिकमा १७ जनाको नाम राखेको छ । निस्सा लिए र बन्द सूची बुझाए । यो पार्टीका अध्यक्ष हुकुमलाल लामा । उपाध्यक्ष रहेछन् थर्कबहादुर बस्नेत । उमेरले ७० वर्ष पुगेका थर्कबहादुर पूर्वीय दर्शनको संरक्षण र बिस्तार गर्ने चाहना राख्दा रहेछन् । पश्चिमाको प्रभाव बढेको चिन्ता गरिरहेका उनी भन्दै थिए, ‘बल्ल बल्ल १७ जनाको नाम पुऱ्याइयो ।’

उम्मेदवार हुन किन मान्दा रहेनछन् भन्ने संचारकर्मीको प्रश्नमा उनले भने , ‘त्यही त हो चुनाव जितिन्छ जितिन्न भन्छन् । ठूला दलहरूका मान्छे धेरै भएर हैरान सानामा बस्न मान्दैनन् ।’ ‘अनि विश्वास दिलाउनुपऱ्यो नि’ भन्दा उनी थप्छन्, ‘हामी ठूलो भए हाम्रैमा पनि त्यस्तै हुन्छ ।’ केहीबेर पछि समुन्नत नेपाल पार्टीका नेताहरू पुगे । नेता स्वागत नेपाल उपस्थित थिए । यो पार्टीले ११ जनाको नाम बन्द सूचीमा पेस गरेको छ । समानुपातिकतर्फको बन्द सूची बुझाउने दलहरूमा नेपाल लोकतान्त्रिक पार्टीले १२, जनप्रिय लोकतान्त्रिक पार्टीले १२ र नेपाली कम्युनिस्ट पार्टी मार्क्सवादी (पुष्पलाल) ले २० जना उम्मेदवारको बुझाएको छ ।

गतिशील लोकतान्त्रिक पार्टीले ११, जसपा नेपालले १०१, समावेशी समाजवादी पार्टीले ३१, समावेशी समाजवादी पार्टी नेपालको १२, नागरिक शक्ति नेपालको २५, राष्ट्रिय जनमुक्ति पार्टीको १२, नेपाल जनमुक्ति पार्टीको ११, उन्नत नेपाल पार्टीले २२ जनाको नाम बुझाएको छ ।

(स्रोत: अनलाइनखबर)

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# चन्द्रागिरी नगरपालिका बालश्रममुक्त नगरपालिका घोषित

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बालश्रममुक्त घोषणा कागजमा मात्र सीमित नभई व्यवहारमा समेत कार्यान्वयन गर्नुपर्ने बताएका छन् ।

चन्द्रागिरी नगरपालिकालाई बालश्रममुक्त नगरपालिका घोषणा गर्न आयोजित समारोहमा मुख्यमन्त्री बानियाँले काठमाडौं जिल्लाका ११ वटै नगरपालिका बालश्रममुक्त घोषणा हुनु सकारात्मक उपलब्धि भएको बताए । उनले चन्द्रागिरिलाई भविष्यमा भ्रष्टाचारमुक्त नगरपालिका घोषणा गर्दै अघि बढ्नुपर्नेमा जोड दिए । गणतन्त्रमा भ्रष्टाचार भएको भन्ने आरोपबीच पनि गाउँबस्तीका संस्कार, संस्कृति, धिमेबाजा, भेषभूषा जस्ता मौलिक परम्परा जोगाउन नगरपालिकाले निरन्तर प्रयास गरिरहेको उनले बताए ।



बागमती प्रदेश सरकारले गरिबलाई सीप सिकाएर आत्मनिर्भर बनाउने उद्देश्यले विभिन्न तालिम, नयाँ प्रविधि र बिनाब्याज ऋणदिने नयाँ नीति ल्याएको मुख्यमन्त्री बानियाँले बताएका छन् । प्रदेश सरकारले ११९ वटै पालिकासँग समन्वय गरेर काम गर्ने तयारीमा रहेको उनले स्पष्ट पारे । उनले बालबालिकालाई श्रम होइन संस्कार सिकाउनुपर्ने उल्लेख गर्दै घरमा गरिने सामान्य काम संस्कार भएको र त्यसलाई मजदुरी भन्न नमिल्ने बताए । तर, बालबालिकाको उमेर अनुसार गाह्रो काम लगाउन नहुनेमा उनको जोड थियो ।

मुख्यमन्त्री बानियाँले सामाजिक सञ्जालमा मात्र कुरा गर्ने होइन, कर्म गर्ने र निर्णय गरेर व्यवस्थितरुपमा कार्यान्वयन गर्ने जनप्रतिनिधिको उदाहरण चन्द्रागिरि नगरपालिका भएको बताए । भ्रम फैलाएर जनप्रतिनिधि बन्न नसकिने उल्लेख गर्दै उनले वर्तमान व्यवस्थाभित्र जनताको अवस्थामा उल्लेखनीय परिवर्तन आएको र ती उपलब्धिलाई अझ व्यवस्थित गर्न आवश्यक रहेको बताए । उनले देश र जनताका लागि लामो संघर्ष गर्दै विभिन्न कठिन परिस्थितिमा मुलुकलाई अघि बढाइएको स्मरण गरे ।

जेन्जी पुस्ताको नाममा समाजमा देखिएका अकल्पनीय गतिविधिप्रति चिन्ता व्यक्त गर्दै उनले इतिहास र संस्कृतिको महत्व पुस्तौँसम्म आवश्यक रहने बताए । गणतन्त्र भनेको जनतालाई सुन्दर सपनासहित यथार्थमा बदल्ने व्यवस्था भएको उनको भनाइ थियो । घोषणाका क्रममा परम्परागत बाजागाजासहित नगरपरिक्रमासमेत गरिएको थियो ।

नगरपालिकाका अनुसार वि.सं २०८० असोज ४ मा वडा नं ३, सोही वर्ष फागुन २७ मा वडा नं ८, चैत २१ मा वडा नं ६, चैत २३ मा वडा नं ७, चैत ३० मा वडा नं ५, विसं २०८१ भदौ २९ मा वडा नं ११, असोज ५ मा वडा नं १०, माघ १० मा वडा नं ९, माघ २५ मा वडा नं २, फागुन १८ मा वडा नं ४, विसं २०८२ जेठ ३० मा वडा नं १५, सोही वर्ष भदौ १३ मा वडा नं १३ र भदौ १५ मा वडा नं १ लाई क्रमश: 'बालश्रममुक्त' घोषणा गरिएको हो ।

चालु आर्थिक वर्षभित्र सबै वडालाई 'बालश्रममुक्त वडा' घोषणा गरिसक्ने लक्ष्य नगरपालिकाले लिएको थियो । यो लक्ष्य समयअगावै पूरा भएपछि नगरपालिकालाई 'बालश्रममुक्त स्थानीय तह' घोषणा गरिएको हो । नगरप्रमुख घनश्याम गिरीले घोषणापश्चात् यसको दिगोपन कायम राख्न निरन्तर काम गरिने बताए । उनले भने, 'बालश्रममुक्त स्थानीय तह घोषणा पछि यसको दिगोपनमा काम जारी राखिनेछ । यस अभियानमा साथ र सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु ।'

नगरपालिकाले 'बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५)', 'बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७', बालश्रम (निषेध तथा नियमन गर्ने) ऐन २०५६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा 'बालश्रम निवारणसम्बन्धी चन्द्रागिरि नगरपालिकाको कार्ययोजना २०७६' अनुसार बालश्रम निवारणका कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।

# राक्सिराङमा मानवबेचबिखनविरुद्ध जनचेतनामूलक नाटक प्रदर्शन



साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ मकवानपुरको विकट गाउँपालिका राक्सिराङमा मानवबेचबिखनविरुद्ध जनचेतना फैलाउने उद्देश्यले नाटक प्रदर्शन गरिएको छ ।

'हाम्रो आवाज : चेलीबेटी बेचबिखनमुक्त समाज' भन्ने नाराकासाथ राक्सिराङ गाउँपालिका-३ स्थित सूर्योदय माध्यमिक विद्यालय, पलाँसेमा नाटक प्रस्तुत गरिएको हो । माइती नेपाल चितवनका कार्यक्रम संयोजक ईश्वर गिरिको सभाध्यक्षता तथा राक्सिराङ गाउँपालिका-३ का वडाअध्यक्ष उत्तम वाइबाको प्रमुख आतिथ्यतामा नाटक प्रदर्शन गरिएको हो । नाटकमा गरिब परिवारको पृष्ठभूमि, बुवाको मदिरा सेवनका कारण आमामाथि हुने घरेलुहिंसा, छोरीलाई बोझ ठानी बालविवाह गराउन खोजिएको कथा प्रस्तुत गरिएको थियो ।

बालविवाहबाट बच्ने प्रयासमा प्रेमीमाथि विश्वास गर्दा छोरी मुम्बईमा बेचिन पुगेको र पछि प्रहरी तथा माइती नेपाललगायत विभिन्न संस्थाको पहलमा उद्दार गरिएको घटनालाई नाटकमार्फत देखाइएको थियो । नाटकमा 'किन बेचिन्छ ?', 'महिला बोझ होइनन्', 'महिला संसारकी सृष्टिकर्ता हुन्' तथा 'महिलामाथि हिंसा नगरौं' जस्ता सन्देश प्रभावकारी रुपमा प्रस्तुत गरिएको थियो । नाटक हेरेपछि कक्षा १० मा अध्ययनरत छात्रा सम्झना थिङले गाउँघरमा अझै पनि बालविवाह र घरेलुहिंसा विद्यमान रहेको बताइन् । उनले भनिन्, 'अहिले पनि पढाइ छोडेर बस्ने अवस्था छ । यदि यस्तो नाटक गाउँगाउँमा लगेर देखाउन सकियो भने बालविवाह र घरेलुहिंसा केही हदसम्म रोकिने थियो ।' उनले यस्ता कार्यक्रम अझै गाउँस्तरसम्म विस्तार गर्न आग्रह गरिन् ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक सीताराम सुवेदी, शिक्षकहरु, माइती नेपाल मकवानपुरकी कार्यक्रम संयोजक माया लामा, मन लामा, माइती नेपालका प्रतिनिधि, प्रहरी, नाटक प्रस्तुत गर्ने कलाकार, अभिभावक तथा करिब ३०० विद्यार्थीको सहभागिता रहेको थियो ।

# सीता माविले स्वर्ण जयन्ती मनाउँदै




साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ मकवानपुरको मनहरी गाउँपालिका-२ मा रहेको सीता माध्यमिक विद्यालयले ५० औं जन्म जयन्ती (स्वर्ण महोत्सव) मनाउन तयारी तीव्र बनाएको छ ।

पुस २१ गतेदेखि २३ गतेसम्म विभिन्न शैक्षिक, सांस्कृतिक तथा सामाजिक कार्यक्रममार्फत् स्वर्ण उत्सव मनाउने तयारी गरेको हो । स्वर्ण जयन्तीको तयारीस्वरुप विद्यालयले विद्यालयको सभाहलमा पूर्वविद्यार्थी, शिक्षक तथा कर्मचारीसँग अन्तरक्रिया गरेको छ । अन्तरक्रियामा सहभागीले विद्यालयको विगत, वर्तमान र भविष्यलाई जोड्ने गरी सबै पक्षको अपनत्व झल्किने खालको स्वर्ण जयन्ती मनाउनुपर्ने सुझाव दिएका छन् । विद्यालयको दीर्घकालीन विकास योजनाको स्पष्ट खाका तयार गर्नुपर्नेमा उनीहरुले जोड दिएका थिए ।

विद्यालयका प्रधानाध्यापक विशाल घलानका अनुसार महोत्सवको अवसरमा हाजिरीजवाफ प्रतियोगिता, नृत्य प्रतियोगिता सञ्चालन हुनेछन् । विशेष कार्यक्रमको रुपमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता पौष २५ गतेदेखि २७ गतेसम्म मनहरीमा आयोजना हुने भएकोले विद्यार्थी, शिक्षक र अभिभावकमा उत्साह बढेको छ । प्रधानाध्यापक घलानले भने, 'विगतमा हाम्रो विद्यालयले पालिकामै शैक्षिक नतिजाबाट उत्कृष्ट स्थान हासिल गरेको थियो । तर, केही वर्षदेखि विविध कारणले गुणस्तरमा कमी आएको छ । स्वर्ण महोत्सवले शिक्षक, विद्यार्थी र अभिभावकको मनोबल बढाउने र विद्यालयको पहिचान फेरि उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ ।'

विद्यालयले कार्यक्रम सफल बनाउन सक्दो सहयोग र सहभागिताको अनुरोध गरेको छ । महोत्सवबाट संकलन भएको बाँकी रकम आर्थिक अवस्था कमजोर र अशक्त विद्यार्थीको पढाइमा सहयोग गर्ने गरी अक्षयकोषमा राखिने व्यवस्था गरिएको छ । प्रधानाध्यापक घलानले समुदायलाई यो अवसरमा विद्यालयको योगदान र शैक्षिक महत्व बुझ्न आग्रह गर्दै, सबैलाई कार्यक्रममा सहभागी हुन र सहयोग गर्न अनुरोध गरेका छन् ।

# मनहरीले राष्ट्रपति रनिङशिल्ड पशुपतिनाथमा गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ मनहरी गाउँपालिकाले यस वर्षको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता पशुपतिनाथ माविमा आयोजना गर्ने भएको छ । बिगतका वर्षमा मनहरीको राष्ट्रिय रोटरी माविमा संचालन हुँदै आएको प्रतियोगिता पशुपतिनाथ माविमा गर्ने निर्णय भएको हो ।

विद्यालयमा सोमबार भएको छलफलमा पशुपतिनाथ माविको गोलघर खेलमैदानमा प्रतियोगिता आयोजना गरिने निर्णय भएको मनहरी गाउँपालिका शिक्षाप्रमुख प्रदीप पराजुलीले बताए । राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागी हुने विद्यालयका प्रधानाध्यापकहरुको बैठकले पशुपतिनाथ माविमा पालिका स्तरको छनोट चरणको प्रतियोगिता संचालन गर्ने निर्णय गरेको हो । आगामी पुस २५ गते शुक्रबार मनहरी गाउँपालिका भित्रका शिक्षकहरुबीच भलिबल प्रतियोगिता आयोजना गर्ने तथा २६ र २७ गते राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता संचालन गर्ने निर्णय भएको छ ।

विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष माधव गौतमको संयोजकत्वमा भएको छलफलमा र ोटरी माविका प्रधानाध्यापक गोबिन्दप्रसाद पौडेल, सहायक प्रअ साधुराम रिजालले बिगतका राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको अनुभवहरु सेयर गरेका थिए । छलफलमा महेन्द्रज्योति माविका प्रअ गोबिन्द चौलागाई, महेन्द्रकिरण माविका प्रअ कबिता लामा, पशुपतिनाथ माविका प्रअ सपना लामा, ब्रम्हकाली निमाविका प्रअ ध्रुब सुनार, युवावर्ष निमाविका प्रअ सरदकुमार अधिकारी, सीता माविका प्रअ बिशाल घलानलगायतको सहभागिता रहेको थियो ।

# सूर्य माविलाई राष्ट्रपति रनिङशिल्डको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/आठौं संस्करणको बागमती गाउँपालिका स्तरीय राष्ट्रपति रनिङशिल्डको उपाधि बागमती-१ स्थित सूर्य माविले जितेको छ ।

बागमती-४, झुरझुरे स्थित सहिदस्मृति रंगशाला सम्पन्न प्रतियोगितामा सूर्य माविले ११ स्वर्ण र १४ रजतसहित उपाधि जितेको हो । सूर्य माविले सातौं संस्करण पनि जितेको थियो । प्रतियोगितामा बागमती-५ स्थित देवकी मावि ११ स्वर्ण र १३ रजतसहित द्वितीय र बागमती-८ स्थित जनता मावि ११ स्वर्ण ८ रजतसहित तृतीय भएको छ । तीनैवटै विद्यालयले बराबर स्वर्ण ल्याए पनि रजतको आधारमा सूर्य माविले उपाधि जितेको हो । वडा नम्बर २ स्थित बागमती मावि ६ स्वर्ण १ रजतसहित चौथो र वडा नम्बर ९ स्थित बाघभैरव मावि ३ रजतसहित पाँचौ घोषित भएको छ ।

प्रतियोगितामा देवकी माविबाट सबैभन्दा बढी विद्यार्थीलाई सहभागी गराइएको छ । देवकी माविबाट छात्रा ४९ र छात्र ५२ गरी १ सय १ जना, सूर्य माविबाट छात्र ३३ र छात्रा ३० गरी ६३ जना, जनता माविबाट ४२ छात्र र छात्रा २० गरी ६२ जना, बागमती माविबाट २४ छात्र र ३१ छात्रा ५५ जना र बाघभैरव ३१ छात्र र १३ जना गरी ४४ जना सहभागी भएका थिए । प्रतियोगितामा ह्याट्रिक गर्न सफल देवकी माविका प्रविन र ाई उत्कृष्ट छात्र खेलाडी घोषित भए । उनले देवकीका लागि १ सय मिटर दौड, २ सय मिटर दौड र लङजम्प गरी व्यक्तिगत ३ स्वर्ण दिलाए ।

सूर्य माविकी सविता मोक्तान ४ सय मिटर, ८ सय मिटर दौड र हाईजम्पमा गरी ३ स्वर्ण जित्दै उत्कृष्ट छात्रा खेलाडी घोषित भइन् । बागमती खेलकुद विकास समिति अध्यक्ष रहरसिंह थिङको सभाध्यक्ष तथा बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानको प्रमुख आतिथ्यतामा भएको प्रतियोगिता समापन तथा पुरस्कार वितरण कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जी, ३ नम्बर का वडाध्यक्ष एवम् सामाजिक विकास संयोजक कमानसिंह पाखिन, ४ नम्बरका वडाध्यक्ष दन्तलाल माझी, ५ नम्बर का वडाध्यक्ष विजयकुमार भोलन, शिक्षा शाखाप्रमुख प्रकाश चन्द, मकवानपुर फुटबल संघका वरिष्ठउपाध्यक्ष अरुण बल, फुटबल प्रशिक्षक मेघराज केसी र बागमती खेलकुद विकास समितिका उपाध्यक्ष वीरबहादुर थिङ 'मुक्ति'लगायतको उपस्थिति रहेको थियो ।

# त्रिवि शिक्षा तथा विकास विषयको प्रश्नपत्र अघिल्लो वर्षकै हुबहु



काठमाडौं/त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र संकायको स्नातकोत्तर तहको शिक्षा तथा विकास विषयको प्रश्नपत्र अघिल्लो वर्षसँग हुबहु रहेको पाइएको छ ।

एमएड दोस्रो सेमेस्टरको २८ मंसिरमा भएको शिक्षा तथा विकास विषयमा सोधिएको ११ वटा प्रश्नमध्ये ९ वटा प्रश्न २०८१ को प्रश्नसँग हुबहु र २ वटा प्रश्न समान खालको आएको शिक्षक र विद्यार्थीहरूले बताएका छन् । 'अघिल्लो वर्षको प्रश्न सोधिनु भनेको प्रश्नपत्र बाहिरिएको हो । एउटै प्रश्न दोहोरिनुले परीक्षा प्रणालीको मर्यादा उल्लघंन भएको छ,' त्रिविका एक प्राध्यापकले भने, 'परीक्षाको निश्पक्षता, विश्वसनियता र गुणस्तरमा प्रश्न उठेको छ ।'

एमएड दोस्रो सेमेस्टरको परीक्षा गत २७ मंसिरदेखि ७ पुससम्म चलेको थियो । प्रश्नपत्र बाहिरिँदा पनि डिन कार्यालयले कुनै निर्णय नलिएको गुनासो केही प्राध्यापकहरूले गरेका छन् । 'प्रश्नपत्र दोहोरिएपछि तत्काल परीक्षा समितिको बैठक बसेर पुन: परीक्षा गर्नु पर्ने हो । ७ पुसमा परीक्षा सकिएपछि दोहोरिएको विषयको पुन: परीक्षा ९ पुसमा गर्न सकिने थियो । तर डिन कार्यालयले यो विषय गुपचुप राख्यो,' ती प्राध्यापकले भने, 'ढिलागरी पुन: परीक्षा लिँदा विद्यार्थीलाई असर पर्छ ।

डिन वेदराज आचार्य भने केही प्रश्नपत्र दोहोरिएको तर बाहिर आए जस्तो नभएको दाबी गर्छन् । 'अलिअलि दोहोरिएको हो । यो विषयमा आज सम्बन्धित व्यक्तिहरूलाई स्पष्टीकरण मागेको छ । तर बाहिर आएको जस्तो पनि होइन । पुरानो प्रश्नपत्र नहेरि बनाएको पाइएको छ,' उनले भने ।

यसरी प्रश्नपत्र दोहोरिनुमा सधैं एउटै व्यक्तिलाई प्रश्नपत्र बनाउन दिने र प्रश्नपत्र बैंकको व्यवस्था नहुँदा दोहोरिने गरेको आरोप प्राध्यापकहरूको छ । 'प्रश्नपत्र मोडेरेसनमा समस्या हो । रिमोडरेसन नगरी प्रश्न सोध्ने गरेकोले हो,' ती प्राध्यापकले भने, ' एक दुइ सेट प्रश्नमात्र बनाएर परीक्षा लिँदा पनि दोहोरिने गरेको छ ।' यसअघि पनि यस्तै प्रकृतिको घटनामा दोषीलाई कारबाही र पुन: परीक्षा लिइएको नजिर छ ।

# तमु ल्होसारको अवसरमा विशेष कार्यक्रम हुने

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/ गुरुङ समुदायको महान पर्व तमु ल्होसारको अवसरमा तमु ल्होसार मूल समारोह समितिको आयोजनामा हेटौंडामा विशेष कार्यक्रम आयोजना गरिने भएको छ ।

सोमबार आयोजित पत्रकार सम्मेलनमा केन्द्रीय सदस्य जङ्गबहादुर गुरुङले यसवर्षको तमु ल्होसार हेटौंडा-६ रामनगरस्थित प्रस्तावित तमु सामुदायिक भवन निर्माणस्थलमा मनाइने जानकारी दिए । पुस १५ गते आयोजना हुने तमु ल्होसार कार्यक्रम हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा हुने भएको छ । कार्यक्रममा तमु समुदायको मौलिक पहिचान झल्किने विविध सांस्कृतिक कार्यक्रम प्रस्तुति रहने बताइएको छ । कार्यक्रममा चर्चित कलाकार रबिन्द्र चेपाङको विशेष प्रस्तुति रहनेछ भने घाटु र कौडा नृत्य प्रस्तुत गरिने आयोजकले जनाएको छ ।

कार्यक्रममा मौलिक खानपानका लागि छुट्टाछुट्टै ५ वटा स्टल राखिने छ । तमु ल्होसारलाई समुदायले नयाँ वर्षको रुपमा मनाउँदै आएको छ । यस पर्वले तमु समुदायको सांस्कृतिक पहिचान, एकता र परम्परालाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको आयोजक समितिले जनाएको छ । तमु ल्होसारको अवसरमा सरकारले मंगलबार सार्वजनिक बिदा दिएको छ । जिल्ला कार्यसमिति अध्यक्ष केशरबहादुर गुरुङले तमु ल्होसारको महत्वको बारेमा जानकारी गराएका थिए ।

**Account सम्बन्धी काम गर्ने २ जना कर्मचारी आवश्यकता**

हेटौंडा बजारमा निम्न अनुसारको कर्मचारी आवश्यता भएको इच्छुकले सम्पर्क राख्नुहोला।

१. उमेर : ३० वर्ष पूरा भएको ।
२. महिला : १ जना, पुरुष: १ जना
३. कम्प्युटरमा हिसाब राख्न सक्ने अनुभवीलाई प्राथमिकता ।
४. अडिटर अफिस वा अन्य कुनै ठाउँमा Account सम्बन्धी अनुभव भएकालागि प्राथमिकता
५. तलब इन्टरभ्यू अनुसार तोकिनेछ ।

**सम्पर्क नं. ९८५५०६९९०५**

# मिजार समाजको पूर्णबैठक तथा सम्मान कार्यक्रम मनहरीमा

साझाकुरा संवाददाता

हेटौंडा, १४ पुस/मिजार समाज नेपालको आयोजनामा पूर्णबैठक तथा सम्मान कार्यक्रम मनहरी-९ रजैयास्थित अग्निहोत्र आश्रमको सभाहलमा सम्पन्न भएको छ ।

मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यता एवम् मिजार समाज नेपाल, मकवानपुर जिल्लाका अध्यक्ष बलराम मंग्रातीको सभाध्यक्षतामा कार्यक्रम भएको हो । सम्मान कार्यक्रमअन्तर्गत देउसी-भैलो कार्यक्रममा योगदान पुऱ्याउने १५ जना व्यक्तिलाई सम्मानपत्र प्रदान गरी सम्मान गरिएको थियो । मनहरी-५ निवासी लक्ष्मण मिजारले मिजार समाज मनहरीका लागि १० धुर जग्गा दान गरी उल्लेखनीय योगदान पुऱ्याएको अवसरमा




सम्मानपत्र प्रदान गर्नुका साथै दोसल्ला ओढाई विशेष सम्मान गरिएको थियो ।

प्रमुखअतिथि कालाखेतीले मिजार समुदायको सामाजिक एकता, पहिचान र विकासमा यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले गाउँपालिकाको अध्यक्षको हैसियतले मिजार समाजका लागि अभिभावकको रुपमा काम गर्ने, समुदायसँग सम्बन्धित समस्या समाधानमा निरन्तर लाग्ने तथा मिजार समाजका लागि घर निर्माणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण अतिथि, सहभागी तथा सहयोगीप्रति मिजार समाज नेपालले आभार व्यक्त गरेको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना